# कर्णाली प्रदेशको उपलब्धि र चुनौतिहरू

असार २०८२

फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर

भैँसेपाटी, ललितपुर

## प्राक्कथन

सङ्घीय व्यवस्थाबारे विभिन्न कोणबाट बहस र छलफल भइरहेको छ। सङ्घीयता कार्यान्वयनका सात वर्षलाई नजिकबाट अध्ययन अनुसन्धान गर्नुपर्छ। सङ्घीयताको बारेमा सक्रीय रूपमा पैरवी गर्ने र यस सम्बन्धमा थप अध्ययन अनुसन्धान आवश्यक थियो र छ। यही भूमिका निर्वाह गर्ने हेतुले सङ्घीयताका पक्षधर व्यक्ति-व्यक्तित्वहरूको सहभागितामा फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टरको स्थापना भएको छ।

कर्णाली प्रदेश तीन मनोविज्ञानमा आधारित छ- साविकको कर्णाली, भेरी र राप्ती। यो पञ्चायतकालीन सीमा निर्धारणले बनाएको मनोविज्ञान हो। खासमा यी क्षेत्र शिजाकालीन खस देश विभाजन हुँदा छुटिएका क्षेत्र हुन्। अहिले सानै भू-भाग भएपनि सङ्घीयताले जोडेको छ। कर्णालीको भूगोलले  खसान र जडान सभ्यताले पहिचान बोकेको छ। कर्णालीवासीमा परिवर्तनको चाहना तीव्र छ। सङ्घीयताले सिंहदरवारको अधिकार गाउँमा पुर्याएको छ। यतिबेला भौतिक पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास, सुशासन, समन्वय र सहकार्य के कस्तो रूपमा भइरहेको छ त्यसको विश्लेषण हुनु जरूरी छ। यसै सन्दर्भमा फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टरबाट कर्णाली प्रदेश बने यता के कति काम भएका छन् ? भनी हेर्ने प्रयास गरिएको छ।

यो अध्ययनका लागि सन्दर्भ सामाग्री, समय र विचार दिएर माननीय मुख्यमन्त्री यामलाल कडेल, पूर्व मुख्यमन्त्रीत्रय महेन्द्र बहादुर शाही, जीवन बहादुर शाही र राजकुमार शर्मा, आर्थिक मामिला तथा योजना मन्त्री राजीव शाह, प्रदेशसभा उपसभामुख यशोदा न्यौपाने, प्रदेश योजना आयोगका उपाध्यक्ष सुर्यनाथ योगी, सदस्यद्धय अशोकनाथ योगी र डम्बर बहादुर रावल, प्रमुख सचिव चुडामणि शर्मा, अर्थ सचिव रविलाल शर्मा, मुख्यमन्त्री कार्यालयका प्रवक्ता कृष्ण प्रसाद खरेल लगायत सबै मन्त्रालयका योजना महाशाखाले गुन लगाउनु भएको छ। उहाँहरूप्रति आभार सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ।

यस महत्वपूर्ण प्रतिवेदन संस्थाका कर्णाली प्रदेश संयोजक डा. दीपेन्द्र रोकायाले तयार गर्नु भएको छ । डा. रोकाया विशेष धन्यवादका पात्र हुनुहुन्छ। प्रतिवेदनलाई सम्पादन गरी पठनीय बनाउने संस्थाका बरिष्ठ कार्यक्रम संयोजक कृष्णकुमार साहलाई धन्यवाद व्यक्त गर्दछौँ।

हामी आशा गर्छौं, यो अध्ययन कर्णाली प्रदेशको शासन अभ्यासबारे जान्न चाहने सबैका लागि उपयोगी दस्तावेज हुनेछ। सङ्घीयताको संस्थागत सबलीकरण, उत्तरदायी सरकार र समावेशी विकासप्रति केन्द्रित यस्ता प्रयासहरू भविष्यमा पनि निरन्तर भइरहून भन्ने हाम्रो कामना छ।

फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टर
भैँसेपाटी, ललितपुर
असार, २०८२

## कार्यकारी सारांश

नेपालको संविधान २०७२ सालमा जारी गर्दा १० जिल्ला जोडेर प्रदेश नं. ६ बनाइएको थियो। हुम्ला, मुगु, जुम्ला, डोल्पा, कालिकोट, दैलेख, जाजरकोट, रुकुम पश्चिम, सल्यान र सुर्खेत जिल्ला रहेको यस प्रदेशको नाम कर्णाली र प्रदेश राजधानी वीरेन्द्रनगर सुर्खेत २०७४ फागुन १२ गते प्रदेशसभाले तोक्यो। यस प्रदेशमा ७९ पालिका र ७१८ वडा छन्। यो प्रदेशले कर्णाली नदी सभ्यताबाट पहिचान पाएको छ। यसभित्र खसान र जडान सभ्यता रहेको छ।

यो प्रतिवेदनमा प्रदेशका मुख्यमन्त्री तथा जिम्मेवार पदाधिकारीसँग भेटघाट गरी प्राप्त जानकारी तथा अभिलेखलाई विवरणात्मक विधिमा लेखिएको छ। प्रतिवेदनको शुरुमा परिचय, अध्ययनको पृष्ठभूमि, आवश्यकता र उद्देश्य, अध्ययन विधी र सिमा राखिएको छ। यो अध्ययनको मुख्य उद्देश्य क्षेत्रगत उपलब्धिहरू भएकाले विवरणात्मक रूपमा राखिएको छ। एवं प्रकारले सार्वजनिक वित्त व्यवस्थापन, प्रदेश सभा सम्बन्धी विवरण, तहगत अन्तर सम्बन्ध, प्रमुख चुनौति तथा समस्याहरू उल्लेख गरेपछि प्रतिवेदनको निश्कर्ष र सुझाव राखिएको छ।

कर्णाली प्रदेशको संस्थागत संरचना बनेका छन्। प्रदेश सभा, २५ नगरसभा र ५४ गाउँसभा छन्। प्रदेश सरकारको आठ वटा मन्त्रालय र १३४ वटा कार्यालय छन्। प्रथम आवधिक योजना सम्पन्न गरेर दोस्रो आवधिक योजना लागू भएको छ। नीतिगत सुधार हुन थालेको देखिन्छ। कर्णाली प्रदेशले स्थानीय आवश्यकता र प्राथमिकता अनुसार विभिन्न नीतिहरूको निर्माण, परिमार्जन तथा सुधार गर्न थालेको छ। कृषि, शिक्षा, स्वास्थ्य, जलवायु परिवर्तन र पर्यटन जस्ता क्षेत्रमा विशेष नीति निर्माण भएको छ। देखाउन लायक भौतिक संरचनाका रूपमा प्रदेश अस्पताल, प्रदेश रंगशाला, जिल्ला अस्पतालहरूको स्तरोन्नति, सामुदायिक विद्यालय भवनहरू, प्रदेश राजधानीका सडकहरूका साथै ७६ पालिका केन्द्रसम्म सडकको ट्र्याक खुलेको छ। आर्थिक वर्ष २०७७/७८ देखि २०८०/८१ सम्म यस प्रदेशमा कुल ३६८६.८५ कि.मी. सडक सञ्जाल विस्तार भएको छ।

यति भएपनि तत्कालीन रूपमा संस्थागत संरचनामा सुधार हुन आवश्यक छ। दक्ष जनशक्तिको अभाव छ। क्षमता अभिवृद्धिमा सुधार हुनु पर्नेछ। प्रदेश सरकारले उपयुक्त संरचना निर्माण गरेर स्थानीय प्रशासनलाई सुदृढ बनाउनु पर्ने छ। वित्तीय व्यवस्थापन र बजेट प्रवाहमा सुधार ल्याउनु पर्छ। कर्णाली प्रदेशको आर्थिक स्रोतहरूको पहिचान, अधिकतम उपयोग र वित्तीय प्रबन्धमा सुधार ल्याउनु आवश्यक छ। सेवा प्रवाहको पनि समुचित वितरण हुनुपर्ने छ। विशेषगरी ग्रामीण र दूरदराजका क्षेत्रमा शिक्षा, स्वास्थ्य र अन्य सेवाहरूको पहुँचलाई सुधार गर्नु पर्ने छ। कर्णालीको आवश्यकता र प्राथमिकतामा टेकेर प्रदेशको दीर्घकालीन र समग्र विकासका लागि योजनाबद्ध, समन्वयपूर्ण र समावेशी नीति अपनाउनु पर्ने हुन्छ।

# विषय सूची

**१.परिचय** ..................... **6**

*१.१ पृष्ठभूमि* ..................... *6*

*१.२ अध्ययनको औचित्य तथा उद्देश्य* ..................... *7*

*१.३ अनुसन्धान विधि तथा सीमा* ..................... *8*

**२. प्रदेशको संस्थागत संरचना** ..................... **9**

**३. विषय क्षेत्रगत आधारमा भएका उपलब्धीहरू** ..................... **9**

*३.१ भौतिक पूर्वाधार विकास क्षेत्र* ..................... *10*

३.१.१ सडक ..................... 10

..................... 10

३.१.२ हेलिप्याड ..................... 10

३.१.३ र्याफ्टिङ ..................... 11

३.१.४ केवलकार ..................... 11

३.१.५ यातायात व्यवस्थापन ..................... 11

३.१.६ ऊर्जा ..................... 11

३.१.७ गाउँ-शहर, बस्ती विकास ..................... 11

३.१.८ सिँचाइ ..................... 12

३.१.९ खानेपानी तथा सरसफाई ..................... 12

३.१.१० सूचना तथा सञ्चार प्रविधि ..................... 12

*३.२ सामाजिक विकास क्षेत्र* ..................... *13*

३.२.१ शिक्षा ..................... 13

३.२.२ स्वास्थ्य ..................... 13

३.२.३ जनसङ्ख्या तथा बसाइँसराइ ..................... 14

३.२.४ युवा ..................... 14

३.२.५ महिला सशक्तिकरण तथा लैङ्गिक समानता ..................... 14

३.२.६ बालबालिका तथा किशोर किशोरी ..................... 14

३.२.७ ज्येष्ठ नागरिक ..................... 15

३.२.८ अपाङ्गता भएका व्यक्ति ..................... 15

३.२.९ खेलकुद 15
३.२.१० भाषा, कला, साहित्य र संस्कृति 15
३.२.११ सामाजिक समावेशीकरण 16
*३.३ आर्थिक क्षेत्र विकास* *16*
***३.४ अन्तर सम्बन्धित क्षेत्रको विकास*** *19*
***३.५ सुशासन*** *20*
***३.६ योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन*** *21*
**४. सार्वजनिक वित्त व्यवस्थापन** **21**
**५. प्रदेश सभा सम्वन्धी विवरण** **22**
**६. तहगत अन्तर सम्वन्ध** **23**
**७. प्रमुख चुनौति र समस्याहरू** **24**
***७.१ राजनीतिक चुनौति*** *24*
***७.२ प्रशासनिक चुनौति*** *24*
***७.३ वित्तीय चुनौति*** *24*
***७.४ नीतिगत चुनौतिहरू*** *25*
***७.५ सामाजिक र साँस्कृतिक चुनौति*** *25*
***७.६ स्थानीय तहसँगको सहकार्यात्मक चुनौति*** *25*
***७.७ सङ्घसँगको सहकार्यात्मक चुनौति*** *25*
**८. निष्कर्ष** **26**
**९. सुझावहरू** **27**
**सन्दर्भ सामाग्री** **28**
**अनुसूची** **29**

# १.परिचय

## १.१ पृष्ठभूमि[1]

चित्र १ : कर्णाली प्रदेशको नक्सा




स्रोत : https://upload.wikimedia.org/wikipedia/commons/3/3c/Karnali_Province_english.png

कर्णाली प्रदेशमा संविधानबमोजिम डोल्पा, मुगु, हुम्ला, जुम्ला, कालीकोट, दैलेख, जाजरकोट, रुकुम-पश्चिम, सल्यान र सुर्खेत गरी १० वटा जिल्लाहरू छन्। प्रशासनिक एकाइका रूपमा ८९ स्थानीय तह रहेको यस प्रदेशमा २६ नगरपालिका र ५३ गाउँपालिका र ७१८ वडाहरू छन्। यसको उत्तरमा चीनको तिब्बत, पूर्वमा गण्डकी र लुम्बिनी, पश्चिममा सुदूरपश्चिम र दक्षिणमा लुम्बिनी प्रदेश पर्दछन्। कर्णालीको समृद्धिमा जल, जमिन, पर्यटन, जडीबुटी, भेषभूषा, भाषा संस्कृति मुख्य केन्द्र विन्दु हुनु कर्णाली प्रदेश मुलुककै एक अनुपम क्षेत्र छ। यो प्रदेशको जम्मा क्षेत्रफल २७,९८४ वर्ग किलोमिटर छ जुन नेपालको कुल क्षेत्रफलको १९.०१ प्रतिशत हिस्सा ओगटेको छ।

कर्णाली प्रदेशसँग नेपालको सभ्यता जोडिएको छ। ठुला-ठुला सहरको सभ्यता र विकास अक्सर नदीसँग जोडिएको हुन्छ। एथेन्स वा मेसोपोटोमिया किन नहोस् वा रोमन सभ्यता नै किन नहोस् हामी नदीसँग जोडिन्छौँ। यस्तै नेपालको पुरानो सभ्यता कर्णाली हो र यो कर्णाली नदीसँग जोडिएको छ । कर्णालीको सभ्यता मानव सभ्यता र संस्कृतिसँग जोडिएको छ।

नेपालको जनगणना २०७८ अनुसार यस प्रदेशको कुल जनसङ्ख्या १६,८८,४१२ छ। यसमध्ये पुरूषको सङ्ख्या ८,२३,७६१ (४८.७९ %) र महिला ८,६४,६५१ (५१.२१ %) छन् र लैङ्गिक अनुपात ९५.२७ छ। यो प्रदेशमा ३६,६२,५५ परिवारको बसोबास रहेको छ जहाँ औसत परिवार आकार ४.६१ छ। उक्त परिवारमध्ये एकल परिवार ६१.२ प्रतिशत र संयुक्त परिवार ३८.८ प्रतिशत छन्। वार्षिक जनसङ्ख्या वृद्धिदर ०.७० प्रतिशत (नेपालको तुलनामा कम) रहेको छ भने यस प्रदेशको जनघनत्व ६० प्रति वर्ग कि. मि. छ।

[1] पृष्ठभूमि खण्ड राष्ट्रिय जनगणना २०७८ प्रदेशस्तरीय जनसाङ्ख्यिक प्रतिवेदन, २०८१को आधारमा तयार गरिएको छ।

यस प्रदेशमा कुल ८२ जातजाति बसोबास गर्दछन् जसमा पाँच प्रतिशत भन्दा बढी हुने जातजातिमा क्रमश: क्षेत्री (४२.२%), विश्वकर्मा (१६.२%), ठकुरी (१०.५%), मगर (१०.४%) र पहाडी ब्राह्मण (८.०%) छन्।

यो प्रदेशमा कुल ४९ वटा मातृभाषा बोलिन्छन् जसमा एक प्रतिशत भन्दा बढी बोलिने मातृभाषामा नेपाली (८८.९%) र दोस्रोमा खस (६.३%) तथा तेस्रोमा मगर ढुट (१.६%) छन्। त्यसैगरी प्रदेशको जनसङ्ख्याको ९४.७% हिन्दु तथा ३.२% इस्लाम धर्मावलम्बीहरू छन्।

यो प्रदेशको समग्र साक्षरता दर ७६.१ प्रतिशत छ जहाँ पुरुषको साक्षरता दर ८३.३ प्रतिशत र महिलाको साक्षरता दर ६९.४ प्रतिशत छ जबकि ५ देखि १७ वर्षका बालबालिकाको समग्र साक्षरता दर करिब ९६.६ प्रतिशत छ ।

ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरणअनुसार यस प्रदेशमा ८०.१ प्रतिशत जनसङ्ख्या ग्रामीण, ४.३ प्रतिशत जनसङ्ख्या अर्धशहरी र १५.५ प्रतिशत जनसङ्ख्या शहरी क्षेत्रमा बसोबास गर्दछन् । यो प्रदेशको कुल प्रजनन् दर २.१९ छ भने औसत आयु ७२.५ वर्ष (पुरुषको ६९.२ वर्ष र महिलाको ७५.५ वर्ष) छ । यस प्रदेशमा अझैपनि बालविवाहको दर २०.१ प्रतिशत (पुरुषको ९.५ % र महिलाको २८.९%) छ ।

नेपालको संविधानले नेपालको संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने भनी सो अनुरूप गरेका संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम प्रदेशको स्थापना भएको हो । प्रदेश सभाको २०७७ साल असोज २० गतेको बैठकबाट यस प्रदेशको नामाकरण कर्णाली प्रदेश र राजधानी सुर्खेत कायम भएको हो ।

## १.२ अध्ययनको औचित्य तथा उद्देश्य

कर्णाली प्रदेश सरकार स्थापना भएको ७ वर्ष पुरा भएको छ । स्थापना भएदेखि प्रदेश सरकारले भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, कानूनी संरचना निर्माण, तहगत सम्बन्ध विकास लगायतका बहुआयमिक क्षेत्रमा महत्वपूर्ण कार्यहरू गरेको छ । सङ्घीयताको अभ्याससँगै प्रदेश सरकारको उपस्थितिले तहगत समन्वय सहज भएको छ । प्रविधिको विकास र विस्तार, सूचना व्यवस्थापन र प्राविधिक ज्ञानको प्रसारमा समेत प्रदेश सरकारको भूमिका अपरिहार्य छ । तर, यसको व्यवस्थित रूपमा अध्ययन र विश्लेषण भएको छैन । प्रदेश सरकारका हालसम्मका कार्यबाट हासिल गरेका उपलब्धिको सम्बन्धमा उपलब्ध तथ्य र तथ्याङ्कहरूको आधारमा अध्ययन र विश्लेषण कार्य यो अनुसन्धानमा गरिएको छ।

प्रदेश सरकार सञ्चालनका विभिन्न स्तरमा देखा परेका समस्याहरूको बारेमा अध्ययन गरी तिनका समाधानका विकल्पहरू सुझाव प्रस्तुत गर्न तथा प्रदेश सरकारको सामुन्नेमा रहेका चुनौतिहरू समेत पहिचान गरी सो को सामना गर्ने उपायहरू समेत सिफारिस गर्नको लागि यो अध्ययन सहयोगी हुनेछ। यसका साथै कर्णाली प्रदेश सरकारले आफ्नो स्थापना कालदेखि हालका दिनसम्मको यात्रा तय गर्दा हासिल गरेका उपलब्धि तथा अबका दिनमा रहेका चुनौतिका सम्बन्धमा जानकारी, तथ्य, तथ्याङ्कको उपलब्धता देखि लिएर सम्बन्धित विषयमा अध्ययन अनुसन्धानका लागि सन्दर्भ सामाग्री समेतका लागि प्रस्तुत अध्ययन प्रतिवेदन उपयोगी हुनेछ। यस अध्ययनले प्रदेशलाई बलियो बनाउन र सङ्घीयता सबलीकरण गर्न समेत मद्दत पुग्ने अपेक्षा छ ।

## १.३ अनुसन्धान विधि तथा सीमा

यस प्रतिवेदनमा उल्लेख गरिएका तथ्य तथा तथ्याङ्कहरू द्वितीय स्रोतमा आधारित छन्। प्रदेश सरकारका मन्त्रालय, प्रदेश सभा वा अन्य निकायका प्रकाशन तथा उपलब्ध तथ्याङ्क, महालेखापरीक्षकको कार्यालयको प्रतिवेदन (कर्णाली प्रदेश), समेतलाई प्रतिवेदनका तयारीको आधारको रूपमा ग्रहण गरिएको छ। प्रकाशन नभएका सूचनाहरूका लागि सम्बन्धित मन्त्रालयबाट सूचना माग गरी औपचारिक र प्रमाणित सूचनालाई प्रतिवेदनको अङ्ग बनाइएको छ।

मुख्यमन्त्री, पूर्व मुख्यमन्त्रीहरू, आर्थिक मामिला तथा योजना मन्त्रीका साथै सबै मन्त्रालयका सचिव, योजना महाशाखा प्रमुख र आयोगका प्रमुख तथा विभिन्न कार्यालय प्रमुखसँग छलफल गरिएको छ । यस प्रतिवेदनमा उल्लेखित सामाग्रीहरू सबै सम्बन्धित विषयगत मन्त्रालयबाट प्राप्त विवरण हुन्। कैँयौ काम अभिलेखीकरण नभएका लिखित जानकारी प्राप्त हुन सकेन। यो सीमा समस्याका बाबजुद प्रदेश सरकार बने यताको प्राप्त विवरणलाई प्रतिवेदनमा समेटिएको छ।

प्रतिवेदन तयार गर्ने क्रममा आवश्यक तथ्याङ्क तथा विवरण एकीकृत रूपमा प्राप्त हुन सकेनन्। बहु-निकायबाट तथ्याङ्क प्राप्त गर्दा समयका हिसावले कतिपय तथ्याङ्कमा फरक-फरक अवधि हुन पुगेको छ। सबै निकायमा सूचनाहरू तयारी अवस्थामा नरहने स्थितिले प्राप्त सूचनाको आधिकारिकताको अभावमा प्रमाणित नभएका केही तथ्य/सूचनाहरूलाई यस प्रतिवेदनमा समावेश गर्न सकिएन।

प्रस्तुत अध्ययन प्रतिवेदनले कर्णाली सरकारले स्थापनादेखि २०८१ चैत्र मसान्तसम्मको अवधिमा विषयगत क्षेत्रमा हासिल गरेका मुख्य मुख्य उपलब्धि र आउँदो दिनका लागि सतहमा देखिएका मुख्य-मुख्य व्यवधानहरू सम्मको जानकारी प्रदान गर्दछ। त्यसभन्दा बाहिर रहेर वा यसै विषयमा

थप सुक्ष्म अध्ययन तथा विश्लेषण प्राप्त गर्ने प्रयोजनमा यो संक्षिप्त प्रतिवेदनले उपलब्ध गराउने जानकारी र सूचना अपर्याप्त हुनसक्छ।

## २. प्रदेशको संस्थागत संरचना

नेपालको संविधानको अनुसूची-४ अनुसार कर्णाली प्रदेश सभामा ४० जना प्रदेश सभा सदस्यको प्रतिनिधित्व छ।[2] मुख्मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत गरी आठ मन्त्रालय छन् (अनुसूची १)।

मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश सभा सचिवालय, प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश योजना आयोग, प्रदेश लेखा नियन्त्रकको कार्यालय लगायत प्रदेशमा १३४ वटा आयोग/ निर्देशनालय/कार्यालय छन्।

मुख्यमन्त्री कार्यालयले प्रकाशित गरेको *कर्णाली प्रदेश सरकारको पहिलो पाँच वर्ष (प्रमुख उपलब्धि), २०८० ले* कर्णाली प्रदेशमा कार्यरत हुने जनशक्तिमा कुल दरबन्दी २,९२९ उल्लेख गरेको छ। तर महालेखा परिक्षकको ६०औ प्रतिवेदन, २०७९ ले कर्णाली प्रदेशको मन्त्रालय र निकाय सङ्ख्या १७०, कुल दरवन्दी २८४८, पदपुर्ति सङ्ख्या १८५० र रिक्त सङ्ख्या ९९८ रहेको देखाएको छ।

प्रदेश लोक सेवा आयोगका कार्यवाहक अध्यक्षका अनुसार आ.व. २०७८/७९ देखि २०८१/८२ को फागुनसम्म जम्मा दुई हजार ७ सय ४२ पद सङ्ख्या माग गरिएकोमा दुई हजार ७३ पदपुर्ति भएको छ। यसरी पदपुर्ति मध्ये प्रदेश तहमा ३२ प्रतिशत र स्थानीय तहमा ६८ प्रतिशत रहेको छ।[3] प्रदेशमा अहिले पनि ५ सय ४१ जनाले करारमा काम गरिरहेका छन्। करार बाहेक रिक्त दरबन्दी सङ्ख्या ८ सय ४४ जनाको छ। हाल सफ्टवेयरमा दर्ता भएका जम्मा १,३४४ जना छन्। कुल पदपुर्ती सङ्ख्या करार समेत गरी २,०८६ जना छन्। हालै सार्वजनिक कर्णाली प्रदेशको सङ्गठन संरचनण अध्ययन उच्चस्तरीय समितिको प्रतिवदेनले यसमा हेरफेर गर्न सुझाव दिएको छ। यो प्रतिवेदन सार्वजनिक हुने वित्तिकै सत्ताधारी दलभित्रै व्यापक आलोचना भएको देखिन्छ।

## ३. विषय क्षेत्रगत आधारमा भएका उपलब्धीहरू

कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले प्राथमिकता निर्धारण गरे अनुसार विषयगत मन्त्रालयबाट प्राप्त भएका विषय क्षेत्रगत उपलब्धीहरू निम्नानुसार छन्।

---

[2] मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश २०८१

[3] प्रदेश लोक सेवा आयोगका कार्यवाहक अध्यक्ष वसन्ती शाहीसँग निजको निवास सुर्खेतमा गरिएको कुराकानीको आधारमा ।

## ३.१ भौतिक पूर्वाधार विकास क्षेत्र

### ३.१.१ सडक

भौतिक पूर्वाधार विकास मन्त्रालयले सडक गुरुयोजना र सडक ऐन तर्जुमा गरेको छ । आर्थिक वर्ष २०७७/७८ देखि २०८०/८१ सम्म यस प्रदेशमा कुल ३६८६.८५ कि.मी. सडक सञ्जाल विस्तार भएको छ ।

*चित्र २ : सुर्खेतको भाइरल सडक*



*स्रोत : सामाजिक सञ्जाल।*

चालु आर्थिक वर्ष २०८१/८२ सम्ममा कालोपत्रे र पक्की सडक २००.११ कि.मी., ग्राभेल ६६५.१६ कि.मी र धुले सडक ३०३०.६९ कि.मी. बनेको छ। सडक स्तरोन्नति तथा नाला ५६०.६७ कि.मी. भएको छ।

चित्र ३ : हुम्ला र मुगु जोड्ने तोती सडक पुल



*स्रोत : सामाजिक सञ्जाल।*

यस्तै झोलुङ्गे पुल १०४, सडक पुल ४७ वटा निर्माण भएका छन्। ७९ वटा पालिका मध्ये ७६ पालिका केन्द्रसम्म पुग्ने सडकको ट्र्याक खुलेको छ । सुर्खेत वीरेन्द्रनगरका सडकहरू चौडा गर्नुका साथै पिच भएका छन्।

### ३.१.२ हेलिप्याड

प्रदेश सरकारको पहलमा राजधानीको विमानस्थल विस्तारको योजना राजनैतिक अस्थिरताका कारण अल्मलिएको छ। तर प्रदेश सरकारको लगानीमा १५ वटा हेलिप्याड निर्माण भएका छन्। सुर्खेत विमास्थल विस्तार तथा नयाँ स्थानको सर्वे गर्ने विषयमा छलफल भइरहेको छ। सुर्खेत, सिमकोट, रारा, जुम्ला, जुफाल र रुकुममा विमानस्थल सञ्चालनमा छन् भने प्रदेशको समन्वयमा कालिकोटको सुनथराली विमानस्थल सञ्चालनयोग्य अवस्थामा छ।

### ३.१.३ र्याफ्टिङ

कर्णाली नदीमा राकम वा तल्लो डुंगेश्वरदेखि चिसापानीसम्म र भेरी नदीमा जाजरकोटदेखि चिसापानीसम्म र्याफ्टिङ सञ्चालनमा छ। निजी क्षेत्रलाई प्रदेश सरकारले प्रोत्साहन दिने काम गरेको छ। कर्णाली नदीमा जल यातायात सम्बन्धी थप सम्भाव्यता अध्ययन गर्नु पर्ने देखिएको छ।

### ३.१.४ केवलकार

प्रदेश सरकारले सुर्खेत वीरेन्द्रनगर-सिद्धपाइला, कालिकोट मान्म-कोटबाडा र मुगु रारा-मुर्मा टप केवलकारको सम्भाव्यता अध्ययन गरेको छ। निजी क्षेत्रलाई आकर्षित गराउनु पर्ने आवश्कता छ।

### ३.१.५ यातायात व्यवस्थापन

प्रदेश सरकारको विकासको मेरुदण्ड कर्णाली र भेरी करिडोर हुन्। यी सडक आयोजना सङ्घीय आयोजना हुन्। प्रदेशको माग र पैरवी भएअनुसार ट्र्याक खोल्ने र स्तरोन्नतिका काम भइरहेका छन्। सबै पालिका र वडामा पुगेको सडकको स्तरोन्ति, सञ्चालन र यातायात अनुमति दिन आवश्यक प्रवन्ध मिलाउनु पर्नेछ।

### ३.१.६ ऊर्जा

आर्थिक वर्ष २०७५/२०७६ मा ८ मेगावाट विद्युत उत्पादन भएको थियो। हाल १७.४१ मेगावाट विद्युत उत्पादन भएको छ (नेपाल राष्ट्र बैंक, २०८१)। कर्णाली उज्यालो कार्यक्रम मार्फत् ४३ वटा विधुत आयोजनाबाट सौर्य विधुत प्रणाली विकास, लघु जलविधुत मर्मत तथा नयाँ लघु जलविधुत निर्माणबाट १३,४४३ घरपरिवार लाभान्वित भएका छन्। अर्ध-जलाशययुक्त जगदुल्ला जलविधुत आयोजनाका लागि प्रदेशले ५ प्रतिशत शेयर लगानी प्रतिवद्धता-पत्र जारी गरेको छ।

### ३.१.७ गाउँ-शहर, बस्ती विकास

जनता आवास कार्यक्रमबाट कालिकोटको रास्कोट, जाजरकोटको जुनीचाँदे र बारेकोट, डोल्पाको मुड्केचुला र शे-फोक्सुण्डो, मुगुको खत्याड, हुम्लाको ताँजाकोट, कालिकोट पलाँता लगायत चार हजार ३ सय ६२ घर निर्माण भएका छन्। यस्तै विपन्न घर कार्यक्रमबाट ४ सय ३६ घर निर्माण भएका छन्।

साविकका सदरमुकामलाई आर्थिक केन्द्र शहर, पालिका केन्द्रलाई साना शहर, औधोगिक सम्भावना रहेका ठाउँलाई औधोगिक शहर र करिव २०० गाउँलाई एकीकृत बस्ती विकास गर्ने अवधारणा प्रदेशले अगाडि सारेको छ। प्रदेशबाट हुम्लाको न्यारी र प्रदेशको अनुरोधमा राष्ट्रिय योजना आयोगले हुम्लाको याल्बाङ, छिप्रा र पिप्लाङमा एकीकृत बस्ती विकास सम्बन्धी अध्ययन गरेको छ।

### ३.१.८ सिँचाइ

प्रदेशको जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयका अनुसार, ६८ वट आयोजनाले कुल ९,५५९ हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराएको छ। वर्षैभरी १९.०६ प्रतिशत क्षेत्रफलमा सिँचाइ भएको छ।
नदी खोला नियन्त्रणबाट ५३ किमि तटबन्धन र ५२१ हेक्टर जग्गा उकास भएको छ। माग अनुसार पुर्ति नभएपनि कर्णाली, भेरी, शारदा लगायत जलाधारमा नविन प्रविधिको माध्यमबाट सिँचाइ तथा स्वच्छ खानेपानी सुविधा विस्तार गर्ने काम प्रदेशले सबै जिल्लामा गरिरहेको छ। सिँचाइको अभावमा अझै ३०.२९ प्रतिशत खेतीयोग्य जमीन बाँझो छ।

### ३.१.९ खानेपानी तथा सरसफाई

कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना २०८२ अनुसार, ४१ वटा खानेपानी आयोजनाबाट २ लाख १० हजार ५२३ जनालाई आधारभूत खानेपानी सुविधा उपलब्ध भएको छ। प्रदेशस्तरीय खानेपानी गुणस्तर परिक्षण प्रयोगशाला सञ्चालनमा आएको छ। वीरेन्द्रनगर उपत्यका वृहत खानेपानी आयोजना सङ्घ सरकारसँगको सहकार्यमा अगाडि बढाइएको छ। हाल खानेपानीको धारा र पाइप प्रयोग गर्ने ८०.०७ प्रतिशत परिवार छन्।

### ३.१.१० सूचना तथा सञ्चार प्रविधि

कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना २०८२अनुसार, सङ्घको सहकार्यमा सबै स्थानीय तहमा १० भन्दा बढी सेवा प्रदायक कम्पनीबाट ब्रोडबेण्ड इन्टरनेट सुविधा पुगेको छ। सार्वजनिक सेवा प्रभावकारी बनाउन डिजिटल कर्णाली कार्यक्रम सञ्चालन भएको छ। ८२.२ प्रतिशत कर्णालीवासीसँग साधारण फोन र ५८.४ प्रतिशतसँग स्मार्ट फोन उपलब्ध छ। यहाँ ६७ सञ्चार माध्यमसँग सम्झौता गरी लोक कल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारण गरेको छ।

| तालिका १ : कर्णाली प्रदेशमा शैक्षिक संरचना | |
|---|---|
| विवरण | सङ्ख्या |
| विश्वविद्यालय | १ |
| क्याम्पस | ५६ |
| सामुदायिक विद्यालय | ३०३८ |
| संस्थागत विद्यालय | १४९ |
| माध्यमिक विद्यालय | ६४२ |
| आधारभूत विद्यालय | २४४५ |
| बालविकास केन्द्र | २७१९ |
| स्रोत : सामाजिक विकास मन्त्रालय | |

## ३.२ सामाजिक विकास क्षेत्र

### ३.२.१ शिक्षा

कर्णाली प्रदेशमा १ विश्वविद्यालय, ५६ क्याम्पस, तीन हजार ३८ सामुदायिक विद्यालय, १४९ संस्थागत विद्यालय ६४२ माध्यमिक विद्यालय, दुइ हजार ५४५ आधारभूत विद्यालय, दुइ हजार ७१९ वाल विकास केन्द्र र आधारभूत तहमा १० हजार ५४ शिक्षक सङ्ख्या छ। सामाजिक विकास मन्त्रालयका अनुसार, प्रदेश सरकारको सहयोगमा ५६३ सामुदायिक विद्यालयको एक हजार ५०३ कक्षाकोठा निर्माण भई ६० हजार विद्यार्थीले पक्की भवनमा अध्ययन गर्न पाएका छन्। प्रदेशले पाँच हिमाली जिल्लामा आवासीय विद्यालय निर्माण गरिरहेको छ। प्रदेशले लक्षित वर्ग छात्रवृति कार्यक्रम सञ्चालन गरेको छ। डिजिटल सिकाइ केन्द्र निर्माण पनि गर्दैछ। एक स्थानीय तहको एक विद्यालयमा एक स्वास्थ्यकर्मी राखेको र त्यो प्रभावकारी देखिएको छ। छोरी बुहारी, जेहेन्दार, द्धन्द पीडित, अपाङ्ग, शहीद सन्ततीलाई प्राविधिक उच्च शिक्षा छात्रवृत्तिको व्यवस्था गरेको छ। यस्तै आन्तरिक मामिला तथा योजना मन्त्रालयले २८९ जना पत्रकारको विमा गरेको र ५ जनालाई स्नाकोत्तर छात्रवृति प्रदान गरेको छ।

### ३.२.२ स्वास्थ्य

सामाजिक विकास मन्त्रालयका अनुसार, प्रदेशभर ३४ अस्पताल, १४ प्राथमिक स्वास्थ्य केन्द्र, ३३१ स्वास्थ्य चौकी, २३ आयुर्वेदिक औषधालय, ३१४ वर्थिङ सेन्टर, चार हजार २६७ महिला स्वास्थ्य स्वयंसेविका, एक हजार ४१३ खोप क्लिनिक, ८५२ गाउँघर क्लिनिक, १२४ सामुदायिक स्वास्थ्य इकाई र २९६ आधारभूत स्वास्थ्य केन्द्र रहेका छन्।



*स्रोत : सामाजिक सञ्जाल।*

सरकारको लगानीमा कालागाउँमा प्रदेश अस्पताल निर्माण भएको छ। सबै जिल्लामा जिल्ला अस्पतालको स्तरोन्नति गरेको छ। प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र स्थापना र सञ्चालन भएको छ। प्रादेशिक सरुवा रोग अस्पताल निर्माण कार्य अगाडि बढाएको छ। जोखिममा परेका २६५ जना गर्भवती तथा सुत्केरी महिलाको जीवन रक्षाका लागि हवाई उद्दार गरिएको थियो। सुत्केरी पोषण

उपहार र स्वयमसेविका प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएको छ। बहु-क्षेत्रीय पोषण, स्वास्थ्य विमा र नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरेको छ।

### ३.२.३ जनसङ्ख्या तथा बसाइँसराइ

राष्ट्रिय जनगणना, २०७८ अनुसार, कुल जनसङ्ख्या १६ लाख ८८ हजार ४१२ र परिवार सङ्ख्या तीन लाख ६६ हजार २५५ छन्। यहाँ बालबालिका ४०.१, युवा ४२.२१ र ज्येष्ठ नागरिक १७.६९ प्रतिशत छन्।

२०८२ मा प्रक्षेपित अनुमानित जनसङ्ख्या १७ लाख २२ हजार ५८५ जना पुगेको छ। सामाजिक विकास मन्त्रालयका अनुसार, उनीहरूको लागि क्षेत्रगत नीति र योजना तर्जुमा गरेको छ। बसोबासका हिसाबले ५२.१ प्रतिशत नगरपालिकामा र ४७.९ प्रतिशत गाउँपालिकामा मानिसले बसोवास गर्दछन्। प्रदेशले उनीहरूको रोजगार र सुरक्षित बसोबासबारे रणनीतिक योजना बनाएको छ। प्रदेशमा अन्य जनसङ्ख्या ८१ जना रहेका छन्।

### ३.२.४ युवा

कर्णाली प्रदेशमा १५ देखि ३९ वर्षका युवा ७ लाख १२ हजार ४५६ जना छन्। सामाजिक विकास मन्त्रालयका अनुसार, युवा लक्षित विकास र रोजगार कार्यक्रम बनेका छन्। बेरोजगार युवा लक्षित मुख्यमन्त्री रोजगार कार्यक्रम कोभिडको समयदेखि ७१८ वडामा सञ्चालन गरेको छ।

### ३.२.५ महिला सशक्तिकरण तथा लैङ्गिक समानता

सामाजिक विकास मन्त्रालयले महिला नेतृत्व विकास तथा सशक्तिकरण कार्यक्रम सञ्चालन गरेको छ। महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पुँजी र प्रविधिमा सहयोग गरेका छन्। लक्षित वर्ग मुलप्रवाहीकरण कार्यक्रम, महिला आय आर्जन कार्यक्रम सञ्चालन गरेको छ। यस्तै बालविवाह, मानव बेचविखन, महिला हिंसा सम्बन्धी सचेतना कार्यक्रम पनि सञ्चालन गरेको छ।

### ३.२.६ बालबालिका तथा किशोर किशोरी

प्रदेशले प्रारम्भिक बाल विकास रणनीति, २०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। छोरी सुरक्षा बैंक खातामा करिव २० हजार छोरीको नाममा खाता खोलेको छ। तर यो कार्यक्रम दुई वर्ष यता कार्यान्वयनमा केही समस्या देखा परेको छ। महिला विकास कार्यालय सल्यानबाट २७८ जनाले किशोर किशोरी आत्मसुरक्षा तालिम लिएका छन्[4]।

[4] सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशबाट प्राप्त तथ्याङ्कको आधारमा ।

### ३.२.७ ज्येष्ठ नागरिक

प्रदेशले ज्येष्ठ नागरिक सम्मान र सुरक्षा कार्यक्रम नीति तथा कार्यक्रममा ल्याएको छ। यस कार्यक्रम अन्तर्गत वृद्धाश्रमलाई सहयोग, वृद्धाश्रम भवन निर्माण गरेको छ।

### ३.२.८ अपाङ्गता भएका व्यक्ति

कर्णाली प्रदेशमा रहेका करिब ५० हजार अपाङ्गता भएका व्यक्तिहरूको सम्मानित जीवनयापनका लागि प्रदेशले नीतिगत रूपमा पैरवी गरेको छ। सामाजिक विकास मन्त्रालयका अनुसार, अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच वृद्धि गर्न १० विशेष विद्यालय र १० एकीकृत विद्यालय सञ्चालनमा ल्याइएको छ। दृष्टिविहिन बालबालिकाहरूलाई नि:शुल्क ब्रेल पाठ्यपुस्तक वितरण गर्ने गरेको छ।

### ३.२.९ खेलकुद

प्रदेश सरकारले सुर्खेतमा प्रदेश गौरवको आयोजनाका रूपमा प्रदेश रंगशाला, कभर्ड हल र क्रिकेट मैदान निर्माण गरेको छ। प्रत्येक जिल्लामा एक खेल मैदान, कभर्ड हल र सबै पालिकामा एक खेल मैदान निर्माण गरेको छ। यसले गर्दा खेलकुदलाई व्यवसायिक माध्यम बनाउन सकिने सम्भावना बढेको छ।

### ३.२.१० भाषा, कला, साहित्य र संस्कृति

*चित्र ५ : राउटे समुदायको मेला*



प्रदेश सरकारले विभिन्न पहिचानजन्य विशेषता तथा वस्तुको संरक्षण गर्न प्रदेश संग्रहालय र पुस्तकालयको स्थापना गरेको छ। काँक्रेविहारलाई धर्म मिलन केन्द्रका रूपमा स्थापित गरी संरक्षण गरेको छ। भाषा, कला, साहित्य र संस्कृतिको केन्द्र भएकाले जुम्ला शिजामा खस सभ्यता केन्द्र स्थापनामा जोड

दिएको छ। दुल्लूमा प्रदेश र स्थानीय सरकारको सहकार्यमा खस संग्रहालय निर्माण गरेको छ। प्रदेश सरकारकै सहयोगमा हुम्लाको सिमकोटमा लामा साँस्कृतिक मञ्च र रादेउमा थपाल्या व्यासी संग्रहालय स्थापना भएको छ। नागरिक तहबाट सुर्खेतमा प्रत्येक महिनाको १ गते र १५ गते देउडा खेल्ने परम्परा चलेको छ। कर्णाली प्रज्ञा प्रतिष्ठान गठन हुने तयारी गरेको छ।

### ३.२.११ सामाजिक समावेशीकरण

सामाजिक विकास मन्त्रालयका अनुसार, कर्णाली प्रदेशमा सामाजिक सुरक्षा अन्तर्गत नगद प्राप्त गर्ने लाभग्राही जनसङ्ख्या १२ प्रतिशत छ। लोपोन्मुख राउटे समुदायको शिक्षा, स्वास्थ्य र पोषण अवस्था सुधार कार्यक्रम पनि सञ्चालनमा छ।

## ३.३ आर्थिक क्षेत्र विकास

### ३.३.१ प्राङ्गारिक तथा व्यवसायिक कृषि

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार, प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६ कार्यान्वयनमा ल्याएको छ। सबै जिल्लामा एउटा अर्गानिक कृषि मोडल कार्यक्रम र एक सहकारी नमुना गाउँ कार्यक्रम सञ्चालन गरेको छ। कृषि व्यवसायीकरणका लागि १,२४६ जना कृषकले ७ प्रतिशत व्याज अनुदान पाउँदा करिब ३,००० जनालाई प्रत्यक्ष रोजगारी सिर्जना गरेको छ। वार्षिक २५० जना युवाले कृषि व्यवसाय प्रवर्द्धन सहयोग कार्यक्रमबाट लाभान्वित भई कृषि व्यवसाय सञ्चालन गरिरहेका छन्। १४० वटा तरकारी, फलफुल तथा खाद्यान्न बालीका ब्लक उत्पादन सञ्चालनमा ल्याएर ३,१५० कृषकलाई लाभान्वित गरेका छन्।

रोड करिडोर क्षेत्रमा वार्षिक ५२५ व्यवसायिक कृषकलाई तरकारी खेतीमा सहयोग गरिरहेको छ।

चित्र ६ : किसानले रैथानी बाली कोदो टिप्दै



रुकुममा बीउ प्रशोधन केन्द्र र कृषि औजार उद्योग निर्माण गरेको छ। सुर्खेत, रुकुम, सल्यान, जाजरकोट र दैलेखमा दुग्ध चिस्यान तथा दुग्ध उद्योग सञ्चालन गरेको छ। रुकुम र सल्यानमा अदुवा प्रशोधन उद्योग, कालिकोट र हुम्लामा स्याउ प्रशोधन उद्योगहरू निर्माणाधिन छन्।

रुकुम आठविसकोटमा ३०० मेट्रिक टन र सुर्खेत छिन्चुमा २०० मेट्रिक टन क्षमताको शीत गृह निर्माणाधिन छन्। १५ स्थानमा शुन्य शक्ति भण्डारण गृह निर्माण गरी सञ्चालनमा ल्याएको छ। प्रदेशमा उत्पादित ३४५ मेट्रिक टन सुकेको अदुवा र बेसार प्राङ्गारिक प्रमाणिकरण गरी मूल्यवान लोगोका साथ युरोपमा निर्यात गरेको छ।

रैथाने बालीहरू कोदो, फापर, मार्सी धान, सिमी, कागुनो, चिनो, जुनेलो र उवालाई छनौट गरेको छ । रैथाने बाली ४८ हजार ६५८ मेट्रिक टन उत्पादन हुने र त्यसको ४० प्रतिशत बिक्री गर्न सकिने भएकाले रैथाने बाली सङ्कलन तथा प्रशोधन केन्द्र स्थापना र सञ्चालन हुनेछ।

**३.३.२ पशुपन्छी, मत्स्यपालन तथा मौरीपालन**

प्रदेश सरकारले सबै जिल्लामा पशुपन्छी तथा मत्स्य स्रोत केन्द्रहरू स्थापना गरेका छन् । सुर्खेत र दैलेखमा बाख्रा, रुकुममा भैँसी, डोल्पा र हुम्लामा चौरी तथा जुम्लामा भेडाको स्रोत केन्द्र स्थापना गरी सञ्चालन गरेका छन् । च्याङ्ग्रा र माछाको अध्ययन अनुसन्धान गर्न र प्राविधिक तथा परामर्श सेवा सहज रूपमा उपलब्ध गराउन स्रोत केन्द्र सञ्चालनको तयारी गरेका छन् ।[5]

चित्र ७ : लिमी उपत्यकाको चौरी फार्म



*स्रोत : सामाजिक सञ्जाल।*

प्रदेशले सबै जिल्लामा पशु अस्पताल र आधारभूत प्रयोगशाला निर्माण गरिरहेको छ । रुकुम, सल्यान, दैलेख र सुर्खेतमा गरी १२ वटा दुग्ध सङ्कलन तथा चिस्यान घर निर्माण गरी सञ्चालनमा ल्याएका छन्। पशुपन्छी दाना उद्योग र ह्याचरी उद्योग सञ्चालनमा ल्याएको छ। २ वटा माछा स्रोत केन्द्र र ३२ वटा पशुपालन फार्म स्थापना गरेको छ।

साना ठुला गरी ४२२ वटा माछा पोखरीबाट वार्षिक ८७ मेट्रिक टन माछा उत्पादन हुने गरेको छ। प्रदेशभरी ३३ हजार स्याउ बगैचा छन्। जुम्लामा मात्र १९ हजार स्याउ वगैचा छन्। फलफूल क्षेत्रमा आत्मनिर्भर हुँदै सुदृढ गर्न थालिएको छ। १६५ हेक्टर स्याउ र ८७ हेक्टर ओखरको क्षेत्रफल विस्तार गरेको छ। प्याकेजिङ र ग्रेडिङ गरी मूल्यवान लोगो प्रयोगमा ल्याइएको छ। माछा, दुध र अण्डामा आत्मनिर्भर प्रदेश बनाउने प्रयास गरेको छ।

**३.३.३ खाद्य सुरक्षा तथा पोषण**

कृषि विकास रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। बहु-क्षेत्रीय योजनामा सुर्खेत र सल्यानमा प्रदेशले लगानी गरेको थियो। अहिले तेस्रो योजना लागु गरेको छ।

**३.३.४ भूमि व्यवस्थापन**

कर्णाली प्रदेश सरकारले प्रदेशका केही जिल्ला मालपोत र नापी कार्यालयहरूलाई नाप नक्सामा सहजीकरणका लागि उपकरणहरू सहयोग प्रदान गरेको छ।

**३.३.५ वन तथा जैविक विविधता**

[5] भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशको तथ्याङ्को आधारमा ।

प्रदेशले २८११ सामुदायिक वन, ७८४ कबुलिती वन, १२ धार्मिक वन, १६४ निजी वन र एउटा संरक्षित वनबाट दाउरा उत्पादन, जडीबुटी र खोटो सङ्कलन गरिरहेको छ। आ.व.२०७९/८० मा मात्रै सामुदायिक वनको व्यवस्थापन, काठ उत्पादन, खोटो सङ्कलन र जडीबुटी सङ्कलनबाट १५,५४,७२९ श्रमदिन रोजगारी सिर्जना गरेको र ४,५०० जनालाई पूर्णकालीन रोजगारी दिएको छ। शे-फोक्सुण्डोमा २२४ सुगन्धित वनस्पति. २७० प्रजातिका पन्छी र १७५ प्रजातिका वन्यजन्तु पाइने भएकाले त्यसको संरक्षण गरिरहेको छ।[6]

### ३.३.६ जडीबुटी

जडीबुटीको वासस्थान संरक्षणका लागि प्रदेशले जडीबुटी विकास कार्यक्रम सञ्चालनमा ल्याएको छ। जडीबुटी खेती विस्तारका लागि पकेट, ब्लक, सुपरजोन मार्फत् प्रदेशभित्रका स्थानीय तहमा खेती विस्तार, पकेट क्षेत्रमा संरक्षण र व्यवस्थापन गरिरहेको छ। वार्षिक करिव ६ करोड बराबरको जडीबुटी तथा सुगन्धित वनस्पतिका उत्पादन बाहिर निकासी गरेको छ। जडीबुटी प्रयोगशाला स्थापनाको लागि पहल गरिरहेको छ। छिन्चुमा जडीबुटी प्रशोधन कारखाना निर्माण गर्ने तयारी गरेको छ।

### ३.३.७ खानी तथा खनिज सम्पदा

प्रदेशले सङ्घीय कार्यालयसँगको सहकार्यमा प्रदेशको खानी तथा खनिज सम्पदाको नक्साङ्कन गरेको छ । नदी तथा खानीजन्य स्रोतको उत्खनन्, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि तर्जुमा गरेर कार्यान्वयनमा ल्याएको छ । प्रदेशभित्रका दैलेखको पेट्रोल, जाजरकोट र कालिकोटको पत्थरको अध्ययन गरेको छ । प्रदेशको सहयोगमा रत्न पत्थरको सङ्कलन र प्रशोधन तालिम सञ्चालन भएको छ। यसले प्रत्यक्ष रोजगार सिर्जना गर्ने अवसर निर्माण गर्छ।

### ३.३.८ उद्योग, वाणिज्य तथा आपुर्ति

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको तथ्याङ्कमा प्रदेशमा ८१ ठुला, २ मझौला र ३५,६४१ साना गरी करिब ३६ हजार उद्योग व्यवसाय रहेकोमा ९,५८३ लघु तथा घरेलु उधम छन्। ३,५०४ नयाँ उद्योग दर्ता भएका छन्। यसले ३ अर्बको पुँजी लगानी प्रवर्द्धन गरेको छ । सुर्खेतमा प्रदेश सरकारको लगानीमा प्रदेश औधोगिक ग्राम निर्माण र सञ्चालन गरेको छ। जिल्ला र पालिकामा एक पहिचानको उत्पादन र सीपसँग सहयोग कार्यक्रम सञ्चालन गरेको छ। प्रदेश र जिल्ला बजार अनुगमन समिति गठन गरेका छन्।

### ३.३.९ पर्यटन विकास

कर्णाली प्रदेशलाई सुरक्षित र आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न पर्यटन गुरुयोजना निर्माण गरेको छ। बुलबुले ताल विस्तार तथा संरक्षण, प्रदेश शहीद पार्क निर्माण, रारा ताल साइकल

[6] उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश सरकारको तथ्याङ्कको आधारमा ।

परिक्रमा मार्ग निर्माण, फोक्सुण्डो ताल वरीपरी पदमार्ग लगायत ५२ वटा पर्यटन पदमार्ग निर्माण गरेका छन्।

चित्र ८ : मुगुको रारा ताल



चौहान पार्क, गुराँस पार्क तथा भ्यू टावर, काँक्रेविहारको पर्खाल निर्माण, फायर वाचिङ भ्यू टावर, शिवालय घाटगाउँ पर्यटन पूर्वाधार, पिली युद्ध संग्रहालय, पचाल झरना पूर्वाधार, बडिमालिका पर्यटन पूर्वाधार बनाएका छन्। हिल्सामा सिमानामा प्रवेशद्धार, जुम्लामा शिजा सभ्यता संग्रहालय र हुम्लामा लामा साँस्कृतिक मञ्च र थपाल्या व्यासी समुदाय संग्रहालय बनेका छन्।

जामु भेरी नदीदेखि कुइन्या कर्णालीसम्म जलयात्रा हुन थालेको छ। २० वटा होमस्टे, ४० वटा पर्यटन सडक निर्माण तथा सञ्चालनमा छन्। ३१ मठ मन्दिर तथा गुम्बा र ८ धर्मशाला तथा ६ वटा पार्क बनाएका छन्। प्रदेशले गन्तव्य कर्णाली बुकलेट पनि प्रकाशन गरेको छ।

**३.३.१० निजी क्षेत्र**

निजी क्षेत्र सम्बन्धी नीति तथा कानुन तर्जुमा गर्ने र निजी क्षेत्रको क्षमता अभिवृद्धि कार्यक्रम लागू गरेको छ। निजी क्षेत्रबाट लगानी आकर्षित गर्न सडक, खानेपानी, विद्युत र आवश्यक मात्रामा जमीनमा समेत सहजीकरण गर्ने नीति अख्तियार गरी कार्यान्वयन गरिरहेको छ।

**३.३.११ सहकारी**

प्रदेशमा ३२१ र स्थानीय तहमा २,१०० सहकारीलाई आवद्ध गरी उधमशीलता विकासका लागि सहकारी सूचना प्रणाली स्थापना गरेको छ। सहकारी नमुना गाउँ, सहकारी उत्पादन र बजारीकरण कार्यक्रम लागू गरेको छ।

## ३.४ अन्तर सम्बन्धित क्षेत्रको विकास

**३.४.१ गरिबी निवारण**

प्रदेशबाट रोजगार लक्षित कार्यक्रमका रूपमा मुख्यमन्त्री रोजगार कार्यक्रम कोभिड महामारी यता निरन्तर सञ्चालनमा ल्याएको देखिन्छ। विपन्न घर परिवारको परिचय पत्र वितरण गर्नुका साथै उनीहरूको क्षमता विकास र आय आर्जन कार्यक्रम लागु गरिएको पाइन्छ। गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) स्थानीय तहमा सञ्चालनमा रहेको छ।

**३.४.२ उद्यमशीलता विकास**

उद्यमशीलता विकासका लागि प्रोत्साहन, सहकार्य र साझेदारी गर्ने नीति अगाडि बढाइएको छ। जसअनुसार व्याज अनुदान दिने कार्य भईरहेको देखिन्छ।

**३.४.३ विपद व्यवस्थापन**

विपद जोखिम न्युनिकरण प्रादेशिक नीति तथा रणनैतिक कार्ययोजना निर्माण भएको छ।

**३.४.४ वातावरण तथा जलवायु परिवर्तनको व्यवस्थापन**

जलवायु परिवर्तन अनुकुलन कार्ययोजना बनेको छ। ३४ भन्दा बढी स्थानीय तहमा स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना (लापा) तयार भई कार्यान्वयन भईरहेका छन्।

**३.४.५ जलाधार संरक्षण**

*चित्र ९ : सुर्खेतको बुलबले ताल*



*स्रोत : सामाजिक सञ्जाल।*

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अनुसार, प्रदेशमा ५२ संवेदनशील जलाधार क्षेत्र पहिचान भएअनुसार जलाधार संरक्षण योजना कार्यान्वयनमा छ । जलाधार संरक्षण सम्बन्धी हालसम्म १३२ वटा कार्यक्र सञ्चालन भएको र १०० हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरिएको छ। ३०० भन्दा बढी स्थानमा भू-संरक्षण तथा जलाधार व्यवस्थापन गरेको छ। रिचार्ज पोखरी समेत गरी १५८ स्थानमा जलाधार संरक्षण क्षेत्र निर्माण गरेको छ। ५२ वटा पानीको मुलाधार संरक्षण गरेको छ। २६ हेक्टर गल्छी तथा पहिरो क्षेत्र निर्माण गरेको छ। करिब ९ लाख भू-संरक्षणमुखी विरुवा उत्पादन र वितरण गरेको छ।

**३.४.६ श्रम तथा रोजगारी**

श्रम गन्तव्य मुलुक भारत हुँदै आएकाले त्यो रोक्न मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा ल्याइएको छ।

## ३.५ सुशासन

**३.५.१ शान्ति सुरक्षा तथा सुव्यवस्था**

प्रदेश प्रहरी गठनका साथै आन्तरिक सुरक्षा, अपराध अनुसन्धान र गुप्तचर सेवाको सञ्चालन प्रयास भईरहेको छ। सुव्यवस्थाका लागि आवश्यक ऐन, कानुन र संरचना बनेका छन्।

**३.५.२ शासकीय सुधार र सुशासन**

प्रदेशले कानुनी, संस्थागत र संरचनागत सुधारका पहलहरू अगाडि बढाएको छ। कर्मचारी प्रशासनलाई सुदृढ बनाउन दक्षता अभिवृद्धि तालीम, कार्य मुल्याङ्कन प्रणाली र परिणाममूखी अनुगमन प्रणाली लागू गरेको छ। सन्तुलित र समग्र विकासका लागि नीति निर्माण र योजना तर्जुमा गर्ने योजना आयोग गठन गरी क्रियाशील रहेको छ।

प्रशासन सञ्चालन र सेवा प्रवाहका लागि आठ मन्त्रालयसहित १३४ वटा कार्यालय स्थापना गरी सञ्चालनमा छन्। सङ्घले निजामति कर्मचारी विधेयक ल्याउन ढिला गरेको कारण प्रदेश निजामति

सेवा ऐन, २०८० ल्याएर कार्यान्वयनमा गएको छ। शासकीय क्षमता अभिवृद्धि गर्न प्रदेश प्रशिक्षण प्रतिष्ठान गठन गरी सञ्चालनमा ल्याएको छ।

### ३.६ योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

#### ३.६.१ अन्तर सरकारी समन्वय र सहकार्य

सङ्घ र स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारी गरिरहेको छ। योजना, समीक्षा तथा समन्वय बैठक र अनुभव आदान प्रदान गरिरहेको छ। शिक्षा, स्वास्थ्य, समाजकल्याण, खेलकुद लगायतका क्षेत्रमा समन्वय, सहयोग र सहकार्य गरेको छ। कोभिड-१९ को कुशलतापूर्वक व्यवस्थापन र सहकार्य गरेकाले अन्य प्रदेशको तुलनामा कम क्षति भएको थियो।

#### ३.६.२ प्रदेश आयोजना बैंक

विषय क्षेत्रगत रणनीति तथा गुरुयोजना निर्माण भएअनुसार दिगो र न्यायोचित विकासका लागि समन्वय, सहकार्य र साझेदारी गर्ने गरी आयोजना बैङ्क तयार गरेको छ। यसै आधारमा छिट्टै लगानी सम्मेलन गर्ने तयारी प्रदेशमा गरिरहेको छ।

#### ३.६.३ कार्यान्वय, अनुगमन तथा मूल्याङ्कन

कर्णाली प्रदेश योजना आयोगबाट आयोजना कार्यान्वय, अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ जारी गरेको थियो। नीति तथा योजनालाई तथ्यमा आधारित बनाउन मध्यमकालीन खर्च संरचना, वार्षिक बजेट तथा कार्यक्रमलाई तालमेल कायम गर्दै नतिजामूखी बनाउँदै लानू पर्ने हुन्छ । आयोजनाको मुल्याङ्कनलाई संस्थागत गर्ने प्रयास गरेको छ।

कार्य सम्पादन सूचकका आधारमा नतिजामुखी व्यवस्थापन पद्धति लागू गर्ने, निर्णय प्रक्रिया एवम् कार्यान्वयनमा सहजीकरण र एकरूपता कायम गर्न एकीकृत तथ्याङ्क पद्धतिको विकास गर्ने तयारी गरेको छ।

## ४. सार्वजनिक वित्त व्यवस्थापन

प्रदेशको सार्वजनिक वित्त व्यवस्थापन सङ्घबाट प्राप्त हुने समपुरक अनुदान, विशेष अनुदान, समानिकरण अनुदान, सशर्त अनुदान र राजस्व बाँडफाँटबाट हुन्छ। यसका साथै आन्तरिक राजस्व परिचालन र विकास साझेदारबाट प्राप्त आयोजनाबाट पनि वित्त व्यवस्थापन हुने गर्दछ।

तालिका २ : कर्णाली प्रदेशको समग्र अनुमानित बजेट र खर्च प्रतिशत

| आर्थिक वर्ष | बजेट (करोडमा) | खर्च प्रतिशत |
|---|---|---|
| २०७५/७६ | २,८२८ | ३५.४१ |
| २०७६/७७ | ३,४२५ | ४९.२८ |
| २०७७/७८ | ३,३७४ | ६५.०८ |
| २०७८/७९ | ३,६५५ | ६२.३७ |

| | | |
|---|---|---|
| २०७९/८० | ३,२६२ | ६८.२४ |
| २०८०/८१ | ३,३३८ | ६०.३४ |
| २०८१/८२ | ३,१४१ | १५.१४ पुस मसान्तसम्म |
| **स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय, २०८१** | | |

आर्थिक वर्ष २०७५/७६ देखि कर्णाली प्रदेश सरकारले बजेट विनियोजन गर्न थालेको छ। आर्थिक वर्ष २०७५/७६ मा २८ अर्ब २८ करोड २८ लाख २८ हजार बजेट विनियोजन गरेकोमा ३५.४१ प्रतिशत खर्च भएको थियो। आर्थिक वर्ष २०७६/७७ मा ३४ अर्ब २५ करोड ३४ लाख २५ हजार बजेट विनियोजन भएकोमा ४९.२८ प्रतिशत खर्च भएको थियो। आर्थिक वर्ष २०७७/७८ मा ३३ अर्ब ७४ करोड १३ लाख ५३ हजार बजेट विनियोजन भएकोमा ६५.०८ प्रतिशत खर्च भएको थियो।

आर्थिक वर्ष २०७८/७९ मा ३६ अर्ब ५४ करोड ६६ लाख ३६ हजार बजेट विनियोजन भएकोमा ६२.३७ प्रतिशत खर्च भएको थियो। आर्थिक वर्ष २०७९/८० मा ३२ अर्ब ६१ करोड ६१ लाख ६३ हजार बजेट विनियोजन भएकोमा विनियोजित बजेटको ६८.२४ प्रतिशत खर्च भएको थियो। आर्थिक वर्ष २०८०/८१ मा ३३ अर्ब ३७ करोड ९७ लाख सात हजार बजेट विनियोजन भएकोमा विनियोजित बजेटको ६०.३४ प्रतिशत खर्च भएको थियो।

एवं प्रकारले चालु आर्थिक वर्ष २०८१/८२ का लागि ३१ अर्ब ४१ करोड ४१ हजार बजेट विनियोजन गरिएको थियो। जसमध्ये चालुतर्फ ७ अर्ब ५७ करोड ५५ लाख ९२ हजार अर्थात २४.१२ प्रतिशत र पुँजीगततर्फ १८ अर्ब ७५ करोड ८ लाख ६८ हजार अर्थात ५९.७ प्रतिशत थियो। यस्तै वित्तीय व्यवस्थापनतर्फ ०.८ प्रतिशत अर्थात २५ करोड रुपैयाँ विनियोजन गरेको थियो। प्रदेशले ४ अर्ब ८३ करोड ३५ लाख ५१ हजार स्थानीय तहमा वित्तीय हस्तान्तरण गरेको थियो। प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार पुस मसान्तसम्मको प्रगति चालु २४.८७ र पुँजीगत ८.९० प्रतिशत गरी कुलमा १५.१४ प्रतिशत खर्च भएको थियो।

वित्तीय सुशासन प्रर्वद्धन र प्रशासनिक खर्च सुधारका लागि मन्त्रालय स्तरमा प्रयास गरेको जानकारी प्रदेश सरकारले प्रदेश सभा मार्फत दिदै आएको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार, प्रदेशले स्थानीय तहलाई १५.१३ प्रतिशत वित्तीय हस्तान्तरण गरेको छ। अन्तर सरकारी लगानीका लागि हालसम्म ११५ वटा आयोजना कार्यान्वयमा छन्।

## ५. प्रदेश सभा सम्वन्धी विवरण

नेपालको संविधानको अनुसूची-४ अनुसार पहिलो प्रदेश सभामा २१ पुरुष (१८ प्रत्यक्ष र ३ जना समानुपातिक) र १३ जना महिला (सबै समानुपातिक) सांसदको प्रतिनिधित्व थियो (अनुसूची २)। कर्णाली प्रदेश सभाको पहिलो बैठक २०७४ माघ २१ गते जेष्ठ सदस्य हिमबहादुर शाहीको अध्यक्षतामा बसेको थियो। प्रदेशसभाले २०७४ माघ २८ गते सभामुखमा राजबहादुर शाही र २०७४ फागुन ५ गते उप-सभामुखमा पुष्पा घर्ती (विष्ट) लाई निर्वाचित गरेको थियो।

पहिलो प्रदेश सभामा नेकपा एमाले १७, नेकपा (माओवादी केन्द्र) १३, नेपाली काँग्रेस ६, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ३ र राप्रपा १ जनाको प्रतिनिधित्व थियो। पहिलो प्रदेश सभाले ५३ वटा ऐन बनाएको थियो।

**तालिका ३ : प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलह र बनेका ऐन सङ्ख्या**

| सभा | काँग्रेस | एमाले | माओवादी केन्द्र | एकीकृत समाजवादी | राप्रपा | स्वतन्त्र | बनेका ऐन सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| **पहिलो** | ६ | १७ | १३ | ३ | १ | ० | ५३ |
| **दोस्रो** | १४ | १० | १३ | १ | १ | १ | ७ |

**स्रोत : प्रदेश सभा सचिवालय, २०८१**

दोस्रो प्रदेश सभामा नेपाली काँग्रेसबाट १४ जना, नेकपा (माओवादी केन्द्र)बाट १३ जना, नेकपा (एमाले)बाट १० जना, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट १ जना, नेकपा (एकीकृत समाजवादी) बाट १ जना र स्वतन्त्रबाट १ जनाको प्रतिनिधित्व रहेको छ। दोस्रो प्रदेशसभाले सभामुखमा नन्दा गुरूङ्ग र उप-सभामुखमा यशोदा न्यौपानेलाई निर्वाचित गरेको छ। दोस्रो प्रदेश सभाले हालसम्म ७ वटा ऐन बनाएको छ।

हालसम्म दर्ता भएका विधेयक ८३ वटा छन्। जसमध्ये अध्यादेश ८ वटा, फिर्ता विधेयक ८ वटा, निष्क्रिय विधेयक ३ वटा छन् (अनुसुची-३)। यहाँ सामाजिक विकास समिति, प्रदेश मामिला समिति, अर्थ तथा प्राकृतिक स्रोत समिति र सार्वजनिक लेखा समिति बनेका छन् ।

**तालिका ४ : प्रदेश समन्वय परिषद्को बैठक र निर्णय**

| बैठक | मिति | निर्णय सङ्ख्या |
|---|---|---|
| पहिलो | २०७५ माघ १४ र १५ | ३४ |
| दोस्रो | २०७६ पुस १० र ११ | २१ |
| तेस्रो | २०७७ चैत २८ | ८ |
| चौथो | २०७८ जेठ २५ | ४ |
| पाँचौ | २०७८ माघ १३ | १८ |
| छैटौ | २०७९ भदौ २८ | ९ |

**स्रोत : मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, २०८१**

## ६. तहगत अन्तर सम्वन्ध

प्रदेश र स्थानीय तहबीच योजना, नीति तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा सहयोग, समन्वय र सामञ्जस्यता कायम गर्नका लागि प्रदेश समन्वय परिषद्को बैठक नियमित रूपमा बस्ने प्रतिबद्धता प्रदेशले गरेको छ। प्रतिबद्धता कार्यान्वयनमा सहजीकरण गर्नका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा प्रदेश समन्वय सचिवालय स्थापना भएको छ। योजना कार्यान्वयनको सम्बन्धमा नियमित रूपमा चौमासिक, अर्ध-वार्षिक र वार्षिक समीक्षा बैठकहरू गर्ने गरेको छ। समीक्षा बैठकमा पहिचान गरेका समस्याहरूको सम्बन्धमा समाधानका लागि आवश्यक निर्णय पनि गर्ने गरेको छ।

प्रदेश सरकारको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तह र अन्य सरोकारवालाहरूसँग आवश्यक छलफल तथा परामर्श औपचारिक रूपमा गर्ने गरेको छ। प्रदेशको आवधिक योजनालाई प्रदेश विकास परिषद्ले अनुमोदन गर्ने गरेको छ।

प्रदेश समन्वय परिषद्को पहिलो बैठक २०७५ माघ १४ र १५ गते बसेको थियो। बैठकले ३४ बुँदै साझा प्रतिबद्धता-पत्र जारी गरेको थियो। २०७६ पुस १० र ११ गते बसेको दोस्रो परिषद् बैठकले २१ वटा निर्णय गरेको थियो। २०७७ चैत २८ गते बसेको तेस्रो परिषद् बैठकले ८ वटा निर्णय गरेको थियो। २०७८ जेठ २५ गते बसेको चौथो परिषद बैठकले ४ वटा विषय क्षेत्रमा निर्णय गरेको थियो। २०७८ माघ १३ गते बसेको पाँचौ परिषद बैठकले १८ वटा निर्णय गरेको थियो। २०७९ भदौ २८ गते बसेको छैटौ परिषद बैठकले ९ वटा विषयमा निर्णय गरेको थियो।

एवं प्रकारले २०७६ मा प्रदेशको प्रथम पञ्चवर्षीय योजना र २०८१ मंसिर २८ गते सम्पन्न तेस्रो कर्णाली प्रदेश विकास परिषद्को बैठकले दोस्रो पञ्चवर्षीय योजनालाई अनुमोदन गरेको थियो। उक्त योजना २०८१ पुस १९ गते बसेको मन्त्रिपरिषद्को बैठकले स्वीकृत गरी लागू गरेको छ।

## ७. प्रमुख चुनौति र समस्याहरू

### ७.१ राजनीतिक चुनौति

कर्णाली प्रदेशमा सबभन्दा ठूलो राजनीतिक चुनौति स्थिरता र सहकार्यको अभाव हो। सङ्घका विभिन्न राजनीतिक दलहरूबीच प्रभावकारी सहकार्य नहुनाले स्थिर सरकारको निर्माणमा कठिनाइ आएको छ, जसले योजना तथा नीतिको प्रभावकारी कार्यान्वयनमा असर पार्दछ। साथै, प्रदेश सरकारको नीतिहरू र योजना कार्यान्वयनमा स्थानीय तहसम्म विश्वास र स्वीकार्यता नपुगेको हुँदा जनता र सरकारबीच असन्तुष्टि र अविश्वास बढेको देखिन्छ। अर्कोतर्फ, कर्णाली प्रदेश भौगोलिक र सामाजिक दृष्टिले विविध छ, जहाँ विभिन्न समुदायबीच सन्तुलन र समानता कायम राख्न कठिनाइ हुने गरेको छ । यी सबै पक्षले प्रदेशको राजनीतिक वातावरणलाई अस्थिर र असहज बनाइरहेको छ।

### ७.२ प्रशासनिक चुनौति

कर्णाली प्रदेशको प्रशासनिक संरचना अझै संस्थागत रूपमै कमजोर छ । सङ्घीय सरकारले खटाएका अधिकांश कर्मचारीहरू प्रदेशमा स्थायित्वको भावना नबोकी 'पर्यटक प्रशासक' जस्ता बनेका छन्, जसले उनीहरूको जिम्मेवारीप्रति प्रतिबद्धता घटाएको देखिन्छ। दक्ष जनशक्ति र क्षमता अभिवृद्धिका कार्यक्रमहरूको अभावले कार्यालयहरूमा कामको गुणस्तर प्रभावित भएको छ। यस्तै, दुर्गम भौगोलिक अवस्थाका कारण धेरै स्थानमा सरकारी सेवाहरूको सहज पहुँच छैन, जसले प्रशासनिक कार्य सम्पादनमा कठिनाइ पैदा गरिरहेको छ।

### ७.३ वित्तीय चुनौति

कर्णाली प्रदेशको आय स्रोत सीमित छन्। प्रदेश गठन गर्दा बाँके र बर्दियाजस्ता तुलनात्मक रूपमा सम्पन्न जिल्ला छुटेका कारण आर्थिक गतिविधि र राजस्वको प्रमुख आधार हराएको महसुस गरेको छ। आन्तरिक स्रोत परिचालन गर्ने रणनीति प्रभावकारी रूपमा लागू हुन सकेको छैन। अधिकांश

बजेट सङ्घीय सरकारको अनुदानमा निर्भर रहँदा आवश्यक परियोजनाहरूको प्राथमिकता निर्धारण गर्न गाह्रो भएको छ। प्राकृतिक प्रकोपहरू (कोभिड, बाढी, पहिरो आदि) पश्चात् पुनर्निर्माण र विकासका लागि पर्याप्त वित्तीय स्रोत जुटाउन सकेको छैन।

### ७.४ नीतिगत चुनौतिहरू

प्रदेशले धेरै नीति तथा योजनाहरू तर्जुमा गरे पनि तिनीहरूको कार्यान्वयनमा इच्छाशक्ति, संयन्त्र र समन्वयको अभाव छ। प्राकृतिक स्रोतहरू जस्तै जडीबुटी, जल, पर्यटन आदि उपयोगमा ल्याउन दीर्घकालीन सोच र स्पष्ट कार्यदिशाको अभाव छ। नीति बने पनि कार्यान्वयनको तहमा ढिलासुस्ती, अपारदर्शिता र जिम्मेवारीको अस्पष्टता रहेको छ। समग्र विकासलाई अगाडि बढाउन बनेका योजनाहरू स्थानीय तह र समुदायसँग जोडिन सक्दैनन्, जसले नीति कार्यान्वयनलाई कमजोर बनाएको छ।

### ७.५ सामाजिक र साँस्कृतिक चुनौति

कर्णाली प्रदेशमा सामाजिक विकास सूचकहरू अझै कमजोर छन्। धेरै स्थानहरूमा शिक्षा र स्वास्थ्यको आधारभूत सुविधा पुग्न सकेको छैन। ग्रामीण विद्यालयहरूमा पर्याप्त शिक्षक छैनन् भने अस्पतालहरूमा दक्ष जनशक्ति र औषधोपचारको कमी छ। दलित, महिला, बालबालिका, राउटे, वादी, जनजातिजस्ता समुदायहरू अझै पछाडि परेका छन्। संस्कृतिको क्षेत्रमा पनि मौलिक परम्परा र संस्कृति संरक्षणप्रति नीति तथा कार्यक्रम अपर्याप्त छन्, जसले स्थानीय पहिचान गुमाउने खतरा बढाएको छ।

### ७.६ स्थानीय तहसँगको सहकार्यात्मक चुनौति

प्रदेश र स्थानीय सरकारबीच स्पष्ट कार्यविभाजन र समन्वयको अभावका कारण योजनाहरू प्रभावकारी रूपमा लागू हुन सकिरहेका छैनन्। कतिपय अवस्थामा प्रदेश सरकारका कार्यक्रमहरू स्थानीय आवश्यकतासँग मेल नखाँदा स्थानीय तहहरूमा असन्तुष्टि देखिएको छ। प्रदेशले बजेट स्थानान्तरण गरेको भए पनि त्यो रकम विकासका प्राथमिकता पूरा गर्न अपुग भएको स्थानीय तहको गुनासो छ। यस्तै, राजनीतिक हस्तक्षेप, जनशक्तिको अभाव, र निर्णय प्रक्रियामा ढिलाइले पनि सहकार्यमा बाधा पुर्याइरहेको छ ।

### ७.७ सङ्घसँगको सहकार्यात्मक चुनौति

कर्णाली प्रदेशले सङ्घीय सरकारसँगको सहकार्यमा धेरै असहजता अनुभव गरिरहेको छ। सङ्घीय सरकार र प्रदेश सरकारबीच अधिकारको वितरणमा स्पष्टता छैन। कर्णाली प्रदेशमा धेरै ठाउँमा स्थानीय तह र प्रदेश सरकारको अधिकार र जिम्मेवारीमा द्वन्द्व देखा परेको छ। यसले समन्वय र योजनाको कार्यान्वयनमा समस्या ल्याएको छ। अधिकारको वितरण स्पष्ट नभएको, कर्मचारी व्यवस्थापन सङ्घको नियन्त्रणमा रहेको र बजेट विनियोजन सङ्घकै प्राथमिकता अनुसार हुने जस्ता समस्या छन्। निजामती सेवा ऐन, प्रहरी ऐन, शिक्षा ऐनजस्ता कानुन अझै नबनेको कारण नीति कार्यान्वयनमा समस्या थपिएको छ। सङ्घले पठाउने परियोजनाहरू कहिलेकाँही कर्णालीको

आवश्यकतासँग मेल नखाने खालका हुन्छन्। वित्तीय स्वायत्तता नहुनु र नीति तथा कार्यक्रम कार्यान्वयनमा सङ्घीय हस्तक्षेपले कर्णाली प्रदेशको आत्मनिर्भरता कमजोर बनाएको छ। सङ्घीय सरकारले प्रदेशलाई प्रदान गर्ने स्रोत र योजनाहरू समान वितरण नगरेको कारण कर्णाली प्रदेशमा अझै पनि आधारभूत पूर्वाधारको अभाव छ। यसले कर्णाली प्रदेशको विकासमा समग्र क्षेत्रमा असर परेको छ।

## ८. निष्कर्ष

कर्णाली प्रदेश बनेपछिका उपलब्धि हेर्दा सर्वप्रथम प्रदेश सरकार र संसदीय संरचना स्थापित भएका छन्। प्रदेश सरकारको आठवटा मन्त्रालय र १३४ वटा कार्यालयहरू छन्। प्रदेशमा नीतिगत सुधार हुन थालेको छ। कर्णाली प्रदेशले स्थानीय आवश्यकता अनुसार विभिन्न नीतिहरूको निर्माण, परिमार्जन तथा सुधार गर्न थालेको छ। प्रदेशले कृषि, शिक्षा, स्वास्थ्य, जलवायु परिवर्तन र पर्यटनजस्ता क्षेत्रमा विशेष नीति निर्माण गरेका छन्। यसका साथै, प्रदेश अस्पताल, प्रदेश रंगशाला, प्रदेश राजधानीका सडकहरूका साथै सबै पालिका केन्द्रसम्म सडक पुगेको छ।

कर्णाली प्रदेशले स्थानीय तहलाई आर्थिक स्रोत प्रदान गर्नका लागि विभिन्न योजनाहरू लागू गरेको छ। यसबाट समग्र आर्थिक समृद्धि बढाउने लक्ष्य राखेको छ। पर्यटन, कृषि, वन र जलस्रोतको उचित प्रयोग गर्दै आन्तरिक आम्दानीको स्तर बढाउन खोजेको छ। प्रदेशवासीफे नजिकबाट सेवा प्रवाह भएको अनुभव गर्न थालेका छन्। प्रदेशमा शिक्षा, स्वास्थ्य, र आधारभूत सेवाहरूको पहुँचमा सुधार आउन थालेको छ। स्वास्थ्यका क्षेत्रमा अस्पतालहरूको निर्माण र सेवा विस्तार गरेको छ। शिक्षामा विद्यालयहरूको स्तरीकरण र नयाँ कार्यक्रमहरू सुरु गरेको छ। अन्तर तहगत सहकार्य र सम्बन्ध विस्तार गरेको छ । सङ्घ र प्रदेश सरकार बीचमा सहकार्यको प्रक्रिया सुधारिदै गएको छ ।

प्रदेशले धेरै उपलब्धि हासिल गरेपनि कर्णाली प्रदेशको संस्थागत संरचना विकासकै प्रक्रियामा रहेको छ। कर्मचारीहरूको अभाव, क्षमता विकासका अवसरहरूको कमी र भौतिक संरचनामा समस्या देखा परेका छन्। नीतिको प्रभावकारी कार्यान्वयनको अभाव छ। सङ्घको नीति र स्थानीय आवश्यकतासँग आवश्यक समन्वयको अभाव छ। वित्तीय प्रवन्धमा प्रभावकारिताको कमी छ। घोषणा गरेअनुसारको रोजगारी सिर्जना गर्न सकेको छैन। जिल्लाहरूमा सेवा प्रवाहको स्तर असमान रहेको छ। शिक्षा, स्वास्थ्य र आधारभूत सेवा अझै पनि सबैको पहुँचमा छैन। अन्तर तहगत सहकार्यको अभाव पनि छ। यसले बजेट र नीति निर्माणमा आवश्यक समन्वय नहुँदा तहगत असन्तोष र अविश्वास देखा परेको छ।

तत्कालीन रूपमा संस्थागत संरचनामा सुधार हुन आवश्यक छ। यसका लागि कर्मचारीको अभाव र क्षमता अभिवृद्धिमा सुधार हुनु पर्दछ। प्रदेश सरकारले उपयुक्त संरचना निर्माण गरेर स्थानीय

प्रशासनलाई सुदृढ बनाउनु पर्ने आवश्यक छ। वित्तीय व्यवस्थापन र बजेट प्रवाहमा पनि सुधारको खाँचो छ। कर्णाली प्रदेशको आर्थिक स्रोतहरूको अधिकतम प्रयोग र वित्तीय प्रबन्धनमा सुधार ल्याउन आवश्यक छ। सेवा प्रवाहको पनि समुचित वितरण हुनुपर्छ। विशेषगरी ग्रामीण र दूरदराजका क्षेत्रमा शिक्षा, स्वास्थ्य र अन्य सेवाहरूको पहुँचमा सुधार ल्याउनु पर्नेछ।

## ९. सुझावहरू

यस अध्ययनमा पाइएका उपलब्धी र समस्याहरूको आधारमा केही मुख्य सुझावहरू तल उल्लेख गरिएका छन्।

१. **स्थायित्वयुक्त र दीर्घकालीन नीति निर्माणको आवश्यकता:** कर्णाली प्रदेशको आर्थिक, सामाजिक, तथा भौगोलिक विशेषता अनुसार छोटो अवधिका राजनीतिक फाइदाभन्दा माथि उठेर नीति निर्माण गर्नुपर्छ। प्रदेशको दीर्घकालीन लक्ष्य (जस्तै: गरिबी न्यूनीकरण, खाद्य सुरक्षाको ग्यारेन्टी, जलस्रोतको उपयोग, रोजगारी सिर्जना) लाई केन्द्रमा राखी भौगोलिक तथा विषयगत क्षेत्रको आधारमा गुरूयोजना र नीतिगत दस्तावेजहरू तयार पार्नुपर्छ। नीति स्थायित्वका लागि राजनीतिक दलहरूबीच सहकार्य, प्रदेशसभाको दीर्घकालीन प्रतिबद्धता र सरोकारवालाको समावेशी सहभागिता अपरिहार्य छ।

२. **पूर्वाधार निर्माणका लागि रणनीतिक लगानी र अनुगमन संयन्त्र**: कर्णाली प्रदेशको भौगोलिक दुर्गमता, पहाडी संरचना र पहुँचविहीनता समस्याको मूल कारण हुन्। त्यसैले यातायात (सडक, पुल), ऊर्जाको पहुँच (सौर्य, जलविद्युत), सञ्चार (इन्टरनेट, मोबाइल नेटवर्क), स्वास्थ्य तथा शिक्षा सेवा प्रवाहका लागि प्राथमिकता प्राप्त परियोजनामा लगानी केन्द्रित गर्नुपर्छ।

३. **अन्तर-सरकारी सम्बन्ध सुदृढीकरण**: सङ्घ, प्रदेश र स्थानीय सरकारबीच स्पष्ट कार्यविभाजन, अधिकार क्षेत्रको समझदारी, बजेट साझेदारीको व्यवस्था, र नीति कार्यान्वयनको समन्वयका लागि नियमित संवाद गर्नु पर्छ ।

४. **विकासका उपलब्धीहरू जनतासम्म पुर्‍याउने र नागरिक स्वामित्व बढाउने:** प्रदेश सरकारको कार्यकालमा भएका ठोस उपलब्धीहरू (सडक विस्तार, विद्यालयको स्तरोन्नति, हस्पिटलको सेवा वृद्धि आदि) लाई योजनाबद्ध सूचना अभियानमार्फत नागरिक तहमा पुर्‍याउनु पर्छ । यसका लागि रेडियो, एफएम, मोबाइल एप्स, सामाजिक सञ्जाल र स्थानीय निकायहरूमार्फत प्रचार-प्रसार गर्नु पर्छ ।

५. **क्षमता अभिवृद्धि र संस्थागत सुदृढीकरण**: प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र संस्थाहरूको प्राविधिक, वित्तीय र प्रशासनिक क्षमताको अभावले नीति कार्यान्वयनमा चुनौती आएको छ । यसका लागि क्षमता अभिवृद्धि योजना, प्राविधिक सहयोग संयन्त्र र तालिम कार्यक्रमहरू नियमित गर्नुपर्ने छ ।

६. **समावेशी विकास दृष्टिकोणमा आधारित नीति अपनाउनुपर्ने***:* कर्णाली प्रदेशमा जनजाति, दलित, महिला, मुस्लिम, अशक्त व्यक्ति र सीमान्तकृत समुदायहरूको शिक्षा, स्वास्थ्य, प्रशासन र रोजगारीमा *पहुँच बढाउनु पर्छ* । नीति निर्माण र कार्यान्वयन दुवैमा यिनको प्रतिनिधित्व *बढाउनु पर्छ ।*

७. **स्रोत साधन परिचालन र आन्तरिक राजस्व वृद्धि रणनीति***:* आन्तरिक स्रोत (पर्यटन शुल्क, जडिबुटी कर, कृषिजन्य उत्पादन, घरेलु उद्योग) को परिचालनमा जोड दिनुपर्छ। कर प्रणालीलाई स्थानीय सन्दर्भमा अनुकूल बनाउँदै राजस्व सङ्कलनको आधार फराकिलो बनाउनुपर्छ।

८. **प्राकृतिक स्रोतको दिगो उपयोग र स्थानीय लाभ सुनिश्चित गर्ने नीति :** कर्णालीमा जल, जडीबुटी, खानी, वनजङ्गल, कृषि र पर्यटनका अपार सम्भावना छन् । यसको संरक्षण र दिगो उपयोगको सिद्धान्तमा आधारित नीति बनाउनु पर्छ । साथै, यी स्रोतको उपयोगबाट प्राप्त लाभ स्थानीय तह र जनतासम्म पुग्ने गरी नीति निर्माण र कानुनी संरचना बनाउनु पर्छ ।

## सन्दर्भ सामाग्री


आर्थिक मामिला मन्त्रालय । (२०८२) । *कर्णाली प्रदेशको आर्थिक वर्ष २०८२-८३को बजेट वक्तव्य* । सुर्खेत : कर्णाली प्रदेश सरकार ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । (२०८२) । *आर्थिक प्रतिवदेन २०८१-८२* । सुर्खेत : कर्णाली प्रदेश सरकार ।

कर्णाली प्रदेश सरकार । (२०८१) । *दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६)* । सुर्खेत: कर्णाली प्रदेश योजना आयोग ।

कर्णाली प्रदेश सरकार । **(**२०८०**)** । *कर्णाली प्रदेश सरकारको पहिलो पाँच वर्ष (प्रमुख उपलब्धि) ।* सुर्खेत: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

कर्णाली प्रदेश सरकार **।** (२०७७) *। प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१)* । सुर्खेत: कर्णाली प्रदेश योजना आयोग ।

कर्णाली प्रदेश सरकार । **(**२०७७**)** । *कर्णाली प्रदेशको दिगो विकास लक्ष्यहरूको आधार तथ्याङ्क प्रतिवेदन* । सुर्खेत**:** कर्णाली प्रदेश योजना आयोग ।

नेपाल राष्ट्र बैंक । (२०८१) । *प्रादेशिक आर्थिक गतिविधि अध्ययन वार्षिक प्रतिवेदन २०८०/८१* । सुर्खेत : नेपाल राष्ट्र बैंक

महालेखा परीक्षकको कार्यालय ।(२०८२) । *महालेखा परीक्षकको ६२ औँ प्रतिवेदन* । काठमाडौँ : महालेखा परीक्षकको कार्यालय ।

महालेखा परीक्षकको कार्यालय । *महालेखा परीक्षकको ६०औँ वार्षिक प्रतिवेदन, २०७९* । काठमाडौ : महालेखा परिक्षकको कार्यालय ।
राष्ट्रिय तथ्याङ्क कार्यालय । (२०७८) । *राष्ट्रिय जनगणना, २०७८* । काठमाडौ : राष्ट्रिय तथ्याङ्क कार्यालय ।
रोकाया, दीपेन्द्र । (२०८०) । *कर्णालीको मर्म* । काठमाडौ: पैरवी प्रकाशन ।

## अनुसूची

### अनुसूची-१

**वर्तमान कर्णाली प्रदेशको मन्त्रिपरिषद**

| **नाम थर** | **पद** | **कार्यविभाजन** |
|---|---|---|
| १.श्री यामलाल कडेल | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालय |
| २.श्री राजीव विक्रम शाह | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३. श्री विनोद कुमार शाह | मन्त्री | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| ४ श्री. शेरबहादुर बुढा | मन्त्री | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय |
| ५. श्री घनश्याम भण्डारी | मन्त्री | सामाजिक विकास मन्त्रालय |
| ६. श्री विजया बुढा | मन्त्री | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय |
| ७. श्री सुरेश अधिकारी | मन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ८. श्री गमता विक | राज्यमन्त्री | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय |

# अनुसूची-२

## कर्णाली प्रदेश सभाका सदस्यहरूको नामावली

| नाम | पद | स्थायी ठेगाना | निर्वाचन क्षेत्र | राजनीतिक दल |
|---|---|---|---|---|
| मा. नन्दा गुरुङ्ग | सभामुख | वीरेन्द्रनगर न.पा.२फलाटे, सुर्खेत | सुर्खेत | नेकपा एमाले |
| मा. यसोदा न्यौपाने | उपसभामुख | खाँडाचक्र न.पा. ८, कालिकोट | कालिकोट | नेकपा (माओवादी केन्द्र) |
| मा. इन्द्राकुमारी शाही | प्रदेशसभा सदस्य | चामुण्डा बिन्द्रासैनीन.पा.७, दैलेख | दैलेख | नेपाली काँग्रेस |
| मा. उर्मिला विश्वकर्मा | प्रदेशसभा सदस्य | त्रिपुरासुन्दरी न.पा. ३, डोल्पा | डोल्पा | नेकपा (माओवादी केन्द्र) |
| मा. कलबहादुर हमाल | प्रदेशसभा सदस्य | अदानचुली गा.पा. ५, हुम्ला | हुम्ला | नेकपा एमाले |
| मा. कल्याणी खड्का | सभापति, प्रदेश मामिला समिति | चौरजहारी नपा ९, रूकुम पश्चिम | रूकुम पश्चिम | नेकपा (एकीकृत समाजवादी) |
| मा. कृष्णकुमार बि.सी. | प्रदेशसभा सदस्य | गुराँस गा.पा. ६, दैलेख | दैलेख | नेपाली काँग्रेस |
| मा. कृष्णबहादुर जि.सी. | प्रमुख सचेतक, प्रतिपक्ष दल | चिङ्गाड गा.पा. ३, सुर्खेत | सुर्खेत | नेकपा (माओवादी केन्द्र) |
| मा. खड्गबहादुर पोखरेल | प्रदेशसभा सदस्य | सिम्ता गा.पा. ६, सुर्खेत | सुर्खेत | नेपाली काँग्रेस |
| मा. गमता वि.क. | मन्त्री | आठबिस न.पा. १, दैलेख | दैलेख | नेकपा एमाले |
| मा. घनश्याम भण्डारी | मन्त्री | दुल्लु न.पा. ८, दैलेख | दैलेख | नेपाली काँग्रेस |
| मा. जानकी सिंह | प्रदेशसभा सदस्य | वीरेन्द्रनगर न.पा. ९, सुर्खेत | सुर्खेत | नेपाली काँग्रेस |
| मा. जीतबहादुर मल्ल | प्रदेशसभा सदस्य | छायाँनाथ रारा न.पा. १, मुगु | मुगु | नेकपा एमाले |
| मा. जीवनबहादुर शाही | संसदीय दलको नेता | खार्पुनाथ गा.पा. ५, हुम्ला | हुम्ला | नेपाली काँग्रेस |
| मा. जुम्कीत लामा (कार्की) | प्रदेशसभा सदस्य | सर्केगाड गा.पा. २, हुम्ला | हुम्ला | नेकपा (माओवादी केन्द्र) |
| मा. टेकराज पछाई | प्रमुख सचेतक, सत्ता पक्ष दल | कनकासुन्दरी गा.पा.६, जुम्ला | जुम्ला | नेकपा एमाले |
| मा. तुलसा मल्ल | प्रदेशसभा सदस्य | बाँफिकोटगा.पा.३, रूकुम पश्चिम | रूकुम पश्चिम | नेकपा एमाले |
| मा. दक्षिणा शाही | प्रदेशसभा सदस्य | पचालझरना गा.पा. ५, कालिकोट | कालिकोट | नेकपा एमाले |
| मा. दुर्गबहादुर रावत | प्रदेशसभा सदस्य | तिलागुफा न.पा. ७, कालिकोट | कालिकोट | नेकपा (माओवादी केन्द्र) |
| मा. देवेन्द्रबहादुर शाही | प्रदेशसभा सदस्य | चन्दननाथ नपा १०, जुम्ला | जुम्ला | स्वतन्त्र |
| मा. पुर्णबहादुर खत्री | प्रदेशसभा सदस्य | डुङ्गेश्वर गा.पा. १, दैलेख | दैलेख | नेपाली काँग्रेस |
| मा. बलिमाया बुढा | प्रदेशसभा सदस्य | गुर्भाकोट न.पा. १३, सुर्खेत | सुर्खेत | नेपाली काँग्रेस |
| मा. विजया बुढा | मन्त्री | खार्पुनाथ गा.पा. १, हुम्ला | हुम्ला | नेपाली काँग्रेस |
| मा. बीरबहादुर शाही | प्रदेशसभा सदस्य | रिमी गा.पा. ५, डोल्पा | डोल्पा | नेकपा (माओवादी केन्द्र) |
| मा. विन्दमान बिष्ट | प्रदेशसभा सदस्य | बराहताल गा.पा. १, सुर्खेत | सुर्खेत | नेकपा (माओवादी केन्द्र) |
| मा. बेदराज सिंह | प्रदेशसभा सदस्य | बारेकोट गा.पा. ८, जाजरकोट | जाजरकोट | नेपाली काँग्रेस |
| मा. भीमप्रकाश शर्मा | प्रदेशसभा सदस्य | बागचौर न.पा. ३, सल्यान | सल्यान | नेकपा (माओवादी केन्द्र) |
| मा. मंगलबहादुर शाही | प्रदेशसभा सदस्य | सोरू गा.पा. ६, मुगु | मुगु | नेकपा (माओवादी केन्द्र) |
| मा. महेन्द्र के.सी. | प्रदेशसभा सदस्य | बाँफिकोट गा.पा. ३, रूकुम पश्चिम | रूकुम पश्चिम | नेकपा (माओवादी केन्द्र) |
| मा. मिलन खड्का रोका | प्रदेशसभा सदस्य | मुसिकोट न.पा. १३, रूकुम पश्चिम | रूकुम पश्चिम | नेकपा (माओवादी केन्द्र) |
| मा. यामलाल कंडेल | मुख्यमन्त्री | वीरेन्द्रनगर न.पा. ४ भैरवस्थान, सुर्खेत | सुर्खेत | नेकपा एमाले |

| | | | | |
|---|---|---|---|---|
| मा. रनसिंह परियार | प्रदेशसभा सदस्य | अदानचुली गा.पा. १, हुम्ला | हुम्ला | नेकपा (माओवादी केन्द्र) |
| मा. राजकुमार शर्मा | विपक्षी दलको नेता | चौरजहारी न.पा.१४, रूकुम पश्चिम | रूकुम पश्चिम | नेकपा (माओवादी केन्द्र) |
| मा. राजीवविक्रम शाह | मन्त्री | शिवालय गा.पा.९, जाजरकोट | जाजरकोट | नेपाली काँग्रेस |
| मा. लक्ष्मी सुनार | प्रदेशसभा सदस्य | बनगाड कुपिण्डे न.पा., सल्यान | सल्यान | नेपाली काँग्रेस |
| मा. विनोदकुमार शाह | मन्त्री | दैलेख | दैलेख | नेकपा एमाले |
| मा. शेरबहादुर बुढा | मन्त्री | काइके गा.पा. ३, डोल्पा | डोल्पा | नेकपा एमाले |
| मा. सन्तोषी शाही | प्रदेशसभा सदस्य | वीरेन्द्रनगर न.पा. ५, सुर्खेत | सुर्खेत | राप्रपा |
| मा. सुरेश अधिकारी | मन्त्री | शारदा न.पा. २, सल्यान | सल्यान | नेपाली काँग्रेस |
| मा. हिक्मतबहादुर बिष्ट | प्रमुख सचेतक, सत्ता पक्ष दल | नरहरीनाथ गा.पा. ८, कालिकोट | कालिकोट | नेपाली काँग्रेस |

# अनुसूची -३

## प्रथम प्रदेशसभाले बनाएका कानूनहरूको विवरण

- कर्णाली प्रदेश सहकारी विधेयक, २०७५
- कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्न बनेको विधेयक, २०७५
- प्रदेशमा खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
- खाद्य उत्पादन, अधिकार तथा सम्प्रभुता सुनिश्चित गर्न बनेको विधेयक, २०७५
- प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६
- कर्णाली प्रदेशको वातावरण संरक्षणसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६
- कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६
- कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६
- सार्वजनिक र निजि क्षेत्रको साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७
- कर्णाली प्रदेशमा व्यापार-व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्मा व्यवस्था गर्न बनेको विधेयक, २०७७
- कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक
- कृषि व्यवसाय प्रबर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- कर्णाली प्रदेश सरकारले सरकार सञ्चालनसम्बन्धी निर्माण गरेका केही कानूनहरूः
- कर्णाली प्रदेश आर्थिक कार्यविधि विधेयक, २०७४
- कर्णाली प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
- कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी कानुन तर्जुमा गर्न बनेको विधेयक, २०७५
- आ.व. २०७४/०७५ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमीक तथा सुविधासम्बन्धी विधेयक, २०७५
- कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
- कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७५
- कर्णाली प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणिकरण कार्यविधि विधेयक, २०७५
- गाउँ सभा र नगर सभाका कानुन निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

- कर्णाली प्रदेश वित्तिय हस्तान्तरण व्यवस्थापन सम्बन्धी विधेयक, २०७५
- कर्णाली प्रदेश आर्थिक कार्यविधि विधेयक २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयक ।
- कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक
- जिल्ला सभा सञ्चालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक
- गाउँ सभा र नगर सभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक
- आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- कर्णाली प्रदेश ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक
- लोक सेवा आयोग ऐन २०७५ (पहिलो संशोधन) विधेयक २०७६
- कर्णाली प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७७
- आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक
- प्रदेश लोकसेवा आयोग (दोस्रो) संशोधन अध्यादेश, २०७७
- प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश
- प्रदेश लोकसवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश
- प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक
- प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमीक, सेवाका शर्त र सुविधा सम्बन्धी अध्यादेश, २०७८
- कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८
- कर्णाली प्रदेश आर्थिक अध्यादेश, २०७८
- कर्णाली प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक (प्रतिस्थापन विधेयक)
- आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि कर्णाली प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थ गर्न बनेको प्रतिस्थापित विधेयक
- प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक (प्रतिस्थापन विधेयक)
- प्रदेश लोकसेवा आयोगका पदाधिकारीको पारिश्रमीक, सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (प्रतिस्थापन विधेयक)
- प्रदेश सभा सचिवालयसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

- प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक
- कर्णाली प्रदेश आर्थिक कार्यविधि (दोस्रो संशोधन) विधेयक, २०७८
- प्रदेश लोकसेवा आयोग ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक
- मुख्य न्यायाधिवक्ताको काम कर्तव्य र अधिकार तथा सेवाका सर्त सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक
- कर्णाली प्रदेश विनियोजन विधेयक, २०७९
- कर्णाली प्रदेश आर्थिक विधेयक, २०७९

**दोस्रो प्रदेश सभाले पारित गरेका विधयेकहरू**

- कर्णाली प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१
- कर्णाली प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०८१
- कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- कर्णाली प्रदेश विनियोजन विधेयक, २०८०
- कर्णाली प्रदेश आर्थिक विधेयक, २०८०
- कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना र सञ्चालन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

## अनुसूची -४

# माननीय मुख्यमन्त्री ज्यूहरूको विचार

### माननीय यामलाल कडेल

### मुख्यमन्त्री, कर्णाली प्रदेश सरकार



राजनैतिक सङ्घीयताका कारण प्रदेश संरचना निर्माण भएका छन् । योग्यता, क्षमता जति भएपनि नेतृत्व गर्ने जिम्मेवारी पाएका छौँ । सबै वर्ग र तहको नेतृत्व विकास भएको छ । हिजोको भन्दा आज सरकारमा अपनत्व लिने परिस्थिति निर्माण भएको छ । सबैले प्रदेशलाई महत्व दिने र प्राथमिकतामा राख्न थालेका छन् । तर त्यो अनुसार प्रशासनिक जनशक्तिको विन्यास भएको छैन । प्रमुख नेताहरूले मानसिकता बदलेको देखिदैन। यसैले नयाँ संरचनामा आकर्षणभन्दा विकर्षण देखा परेको छ । यसो हुनुमा साधन, स्रोतको अभाव र नेतृत्व कुशलता प्रकट नहुनु हो ।

हामी सङ्घीयताको प्रारम्भिक चरणमा छौँ । यसले आकार ग्रहण गर्न बाँकी नै छ । सङ्घबाट बन्नु पर्ने कानुन बनेका छैनन् । प्रदेशको सचिव र पालिकाको प्रमुख प्रशासकीय अधिकृत सङ्घबाटै परिचालन गर्ने गरिन्छ । यहाँ जीवन शाही मुख्यमन्त्री हुँदा सङ्गठन संरचना बनाउने पहिलो निर्णय गर्नुभयो। उहाँ गएर राजकुमार शर्मा हुँदै म आउँदासम्म बनेको छैन। मैले आर्थिक मामिला मन्त्री राजीव शाहको नेतृत्वमा तयार गर्न लगाएको पनि ६ महिना बितिसकेको छ । हामीसँग १३४ वटा कार्यालय छन् । यति धेरै कार्यालय चाहिँदैन। सङ्घका पनि १०० भन्दा बढी छन् ।

बदलिएको कर्णालीको बारेमा जानकारी दिन रहेको कमजोरीका कारण समस्या आएको छ । लोकतन्त्रमा विश्वास गर्ने पार्टी पनि लोकतान्त्रिक छैनन् । हैकम र आदेशमा चलाउन खोजेर हुँदैन । विधिमा जानुपर्छ । योजना तर्जुमाका लागि परियोजना बैंक प्रणालीमा लिनु पर्ने देखेको छु । अहिले जति पाएका छौँ, आफ्नो क्षेत्रको प्राथमिकता तोक्ने अवसर पायौँ । त्यो कति उपयोग गर्न सक्यौँ वा सक्छौँ ? जसरी सङ्घबाट वित्तीय हस्तान्तरण हुन्छ, त्यो उल्ट्याउनु पर्दछ । यसका साथै कर्णाली र मधेशमा केन्द्रीय योजनाबाट सन्तुलनमा ल्याउनु पर्दछ।

संरचनाको कुरा गर्दा म तीन तहको पक्षमा छैन । स्थानीय तहलाई विधायिकी अधिकार दिन हुँदैन । एकै दिनमा उनीहरूले ४,५ कानुन पास गरेको अवस्था छ । स्थानीय तह प्रदेशको मातहतमा हुनु पर्दछ। हाम्रा संरचनाहरू औपचारिकतामा सिमित भएका छन् । रित पुर्याउनका लागि मात्र देखिएका छन् । म मुख्यमन्त्री भएर आएपछि सङ्घीयता कार्यान्वयनका लागि सङ्घीय अर्थमन्त्री र विपदको बैठकमा प्रदेशको माग लिखित रूपमा राखेको थिएँ ।

**माननीय राजकुमार शर्मा**
**पूर्व मुख्यमन्त्री, कर्णाली प्रदेश**




राजनैतिक रूपमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार बन्यो । हामीले कर्णाली प्रदेश पायौँ । सिंहदरवार टाढा थियो । भन्न, बोल्न र पाखुरा सुर्कन पाइयो । सरकारको पहुँचमा छन् जनता । प्रशासनिक रूपमा छुट्टै संरचना पाएका छौँ । तर संविधानअनुसार प्रशासनिक संरचना कार्यान्वयनमा आएको छैन । प्रदेशले प्रहरी पाएकै छैन । प्रशासनिक जवाफदेहितामा प्रश्न उठाउने ठाउँ देखा पर्न थालेका छन् ।

सङ्घीयता भएकैले पालिकामा ठुलै बजेट गएको छ । प्रदेशमा पनि आएको छ । त्यो पहिलेभन्दा राम्रो हो । तर त्यो पनि सङ्घीयताको मर्मअनुसार आएको छैन । यसो त आर्थिक उत्पादनका लागि काम गर्न पनि हामीले सकेका छैनौ । सङ्घीयता कार्यान्वन गर्न संविधान अनुसार हुनपर्छ । दिगो विकास लक्ष्य अनुसार बजेट विनियोजन हुनपर्छ । कृषि उत्पादन र उद्योगमा जोड दिनुपर्छ ।

मेरो कार्यकाल पुराना योजनाको निरन्तरतामै बित्यो । मैले ल्याउन खोजेको कुरा १० हजारलाई रोजगार दिने बजेट वक्तव्यमै कानुन बनाएर भनेर लेखिएका कारण रोकियो । व्याज अनुदान दिन वित्तीय बैङ्क खोल्न खोजें, त्यो पनि गर्न दिइएन । १४ अर्ब वैदेशिक सहयोग लिने स्रोत खोजेको थिएँ, सङ्घीय अर्थ मन्त्रालयले अनुमति दिएन । यसैले विकास गर्न प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री हुनपर्ने र प्रदेशकै नियन्त्रणमा रहने कर्मचारी प्रशासन हुनपर्छ ।

**माननीय जीवन बहादुर शाही**
**पूर्व मुख्यमन्त्री, कर्णाली प्रदेश**




सङ्घीयताले कर्णालीलाई राजनैतिक रूपमा ठुलै उपलब्धि भयो । हुम्ला जस्तो जिल्लाले ५ जना माननीय पाएको छ । सङ्घीयता नभएको भए यो अवसर आउने थिएन । हिजो सिंगो हुम्ला जिल्लामा ११ लाखदेखि ११ करोडसम्म गएको देखेको छु । आज एउटा पालिकामै आधा अर्ब जान्छ । पालिकामा अधिकार केन्द्रित भएको छ । हिजो २७ गाउँ विकास समितिले गर्ने विकासभन्दा अहिले भइरहेको विकास फरक छ ।

मेरो अध्ययनमा धेरै मान्छे आफ्नै प्रदेश राजधानी आउने रहेछन् । काठमाडौ, नेपालगञ्ज जाने क्रम घटेको छ । आफ्नो योजना आफै बनाउने अवसर प्राप्त भएको छ । सङ्घीयता नभएको भए यस्तो अवसर पाइदैनथ्यो । सुर्खेतमा यो स्तरको रंगशाला कहाँ बन्थ्यो र **?** शिक्षामा पनि राम्रो हुँदै गएको छ । आफ्नो बजेट भएकाले छात्रवृत्ति दिएर डाक्टर पढाएका छौँ । सङ्घले धेरै नगरेपनि राम्रै उपलब्धि भएको छ ।

केहीले सङ्घीयता खर्चिलो भयो भन्ने गरेको सुनिन्छ । त्यो सत्य होइन । हिजो केन्द्रमा २५ मन्त्रालय थिए, ती अहिले पनि छँदैछन् । पहिले क्षेत्रीय प्रशासक हुन्थे । सबै मन्त्रालयका निर्देशनालय थिए । ती त १२, १५ वटा थिए। त्यसको ठाउँमा त्यो भन्दा आधा कम मन्त्रालय बनाएका छौँ । फरक यति मात्र छ कि हामीले मन्त्री हुनाले झण्डा हालेर हिडेका छौँ । तर तलव पनि उस्तै छ ।

व्यवस्था परिवर्तन भयो, अवस्था परिवर्तन भएन भन्छन् । हिजो ५ केजी चामलका लागि प्रमुख जिल्ला अधिकारीको सामु हात थाप्नु पर्दथ्यो । सङ्घीयता आएपछि त्यो हट्यो । प्रजिअभन्दा गाउँपालिका अध्यक्षको हैसियत माथि छ । हुनुपर्ने जति नभएको होला तर धेरै काम भएका छन् । प्रदेश र आफ्नो गाउँठाउँप्रति अपनत्व बढेको छ।

मैले मुख्यमन्त्री हुँदा सङ्गठन संरचना बनाउने भनेर हस्ताक्षर गरेँ। किनकि कर्मचारीको वृद्धि विकासमा अवरोध नआओस् र सेवा प्रवाहमा सहज होस् भनेर । यहाँ जनसङ्ख्याको आधारमा होइन, भूगोलका आधारमा सेवा प्रवाह गर्नु पर्छ। त्यो काम अहिलेसम्म हुन सकेको छैन । प्रशासनिक रूपमा समस्या नै छ । प्रहरी संरचना आएकै छैन । प्रमुख जिल्ला अधिकारीको काम छैन, भएपनि प्रदेशको मातहतमा हुनुपर्दछ । जसले प्रदेशभर हेर्दैन त्यो कार्यालय निर्देशनालय हुनु हुँदैन ।
प्रदेश नभएको भए सुर्खेतका धेरै मान्छे काठमाडौमा हुन्थे । यहाँको विकास यति भएको हुँदैनथ्यो । यहाँको घरजग्गाले मूल्य पाउँदैनथ्यो। बसाइँ सराइँ बढ्दैनथ्यो । दिनमा चार वटा जहाज काठमाडौ-सुर्खेत गर्दैनथ्यो । अहिले त सुर्खेत पर्यटन हव बन्दै गएको छ ।

सबैभन्दा स्थायी सरकार स्थानीय तहमा छ । यस्तै प्रदेश मुख्यमन्त्रीको प्रत्यक्ष निर्वाचन हुनु पर्दछ । काठमाडौँमा पानी पर्दा यहाँ छाता ओढ्ने त हुनु भएन नि ! तर प्रधानमन्त्री प्रत्यक्ष हुनु पर्दछ भन्ने पक्षमा म छैन । यो अति संवेदनशील विषय हो।

**श्री महेन्द्रबहादुर शाही**

**प्रथम मुख्यमन्त्री, कर्णाली प्रदेश तथा प्रतिनिधिसभा सदस्य**



म पहिलो मुख्यमन्त्री भएकोले सबै काम शुन्यबाट शुरु गर्नु पर्यो। सङ्घ र प्रदेशको अन्तरविरोध धेरै विषयमा भयो । सङ्घले प्रदेशका लागि आवश्यक ऐन, संरचना, जनशक्ति हस्तान्तरण गर्नुपर्ने थियो, त्यो समयमै गरेन । आत्मनिर्भर भएर काम गर्न पाईन । चर्को सङ्घर्ष गर्नु पर्यो । यसबारे दवाव दिन पोखरामा मुख्यमन्त्रीहरूको छुट्टै भेला समेत गर्नु परेको थियो । यसले गर्दा जनताले अपेक्षा गरेअनुसार काम गर्न सकिन ।

यद्यपि यी समस्याको बाबजुद प्रदेशले पाएको अधिकार क्षेत्रभित्र रहेर निकै मिहेनत गरेँ । आवश्यक जनशक्तिको व्यवस्थापन गरेँ । आधारभूत संरचना खडा गर्यौं। सरकार सञ्चालन गर्न ऐन, कानुनको आवश्यक थियो, बनाउँदै गयौँ । ५३ वटा कानुन हाम्रै पालामा बनेका हुन् ।
प्रदेशले आवश्यकताको विश्लेषण गरी प्राथमिकता तय गरेको थियो । यसैमा टेकेर कर्णाली सोच २१०० र प्रथम पञ्चवर्षीय योजना बनायौँ । यो कर्णाली प्रदेशको नीतिगत जग हो । हामीले भौतिक पूर्वाधारमा जोड दियौँ । सडक, ऊर्जा, खानेपानी, सिँचाइ र सञ्चार क्षेत्रको विकास र विस्तार भयो । सामाजिक विकासका लागि प्रदेश अस्पतालको निर्माण, जिल्ला अस्पतालको स्तरोन्नति, प्रदेश

गौरवको रंगशाला तथा कभर्ड हल निर्माण भएका छन् । सामुदायिक विद्यालय भवनहरू बनेका छन् । हरित अर्थतन्त्र निर्माणका लागि अर्गानिक कृषि, जडीबुटी र पर्यटनमा जोड दियौँ । सोचेको गर्न नसके पनि धेरै धेरै कामको शुरुवात गरेका थियौँ ।

# अनुसूची-५

## तथ्य र लक्ष्य

### प्रथम पञ्चवर्षीय योजनाको उपलब्धी सूचक

| क्र.सं. | सूचक | एकाइ | २०७५/७६ सम्मको स्थिति | २०८०/८१ सम्मको लक्ष्य | २०७९/८० सम्मको उपलब्धि |
|---|---|---|---|---|---|
| **१.** | **समृद्धिका सूचक** | | | | |
| १.१ | वार्षिक औसत आर्थिक वृद्धिदर | प्रतिशत | ८.४२ | १४.९ | ३.३२ |
| | कृषि क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ११.३ | ११.१ | ०.६० |
| | उद्योग क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ६.१ | ३२.२ | ०.३ |
| | सेवा क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ६.६ | १०.७ | ४.५ |
| १.२ | अर्थतन्त्रमा क्षेत्रगत योगदान | | | | |
| | कृषि | प्रतिशत | ३३.७ | २८.४ | २९.४ |
| | उद्योग | प्रतिशत | १२.० | २८.० | १०.१ |
| | सेवा | प्रतिशत | ५४.३ | ४३.६ | ६०.५ |
| १.३ | प्रतिव्यक्ति आय (अमेरिकी डलर) | डलर | ६०६ | १,१४७ | १०३१ |
| १.४ | निरपेक्ष गरिबीको रेखामनि रहेको जनसङ्ख्या | प्रतिशत | २८.९ | १८ | २६.६९ |
| १.५ | वहुआयामिक गरीविमा रहेको जनसङ्ख्या | प्रतिशत | ५१.२ | २५ | ३९.५ |
| १.६ | उपभोगमा आधारित माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (Palma Ratio) | प्रतिशत | ०.९३ | ०.८९ | ०.४२ |
| १.७ | मानव विकास सूचकाङ्क | मानक | ०.४२७ | ०.५८८ | ०.५३८ |
| १.८ | लैङ्गिक विकास सूचकाङ्क | मानक | - | ०.९३ | ०.९०२ |
| १.९ | उपभोगमा आधारित गिनी गुणक (Gini coefficient) | गुणक | ०.४२ | ०.३९ | ०.२९ |

| क्र.सं. | सूचक | एकाइ | २०७५/७६ सम्मको स्थिति | २०८०/८१ सम्मको लक्ष्य | २०७९/८० सम्मको उपलब्धि |
|---|---|---|---|---|---|
| १.१० | आधारभूत खानेपानी सुविधा पुगेको घरपरिवार | प्रतिशत | ६८.२ | ९५ | ८८ |
| १.११ | सुरक्षित आवासमा बसोबास गर्ने घरपरिवार (पक्की घर) | प्रतिशत | ६८ | ७५ | ६९ |
| १.१२ | सडक यातायातले जोडिएको स्थानीय तह | सङ्ख्या | ६० | ७९ | ७६ |
| १.१३ | विद्युत उत्पादन | मेगावाट | ८.२५ | २०० | १६ |
| १.१४ | वर्षभरी सिँचाई हुने खेती गरिएको जमिन | प्रतिशत | १५.५ | ३३.० | १९.०६ |
| १.१५ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ६७.५ | ९० | ७१ |
| १.१६ | इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ४० | ६५ | ७४ |
| १.१७ | प्रदेशको कालोपत्रे सडक | कि.मि. | १०.३ | ५०० | १७३.७५ |
| १.१८ | ३० मिनेट सम्मको दुरीमा यातायात सुविधामा पहुँच भएको परिवार | प्रतिशत | - | ७५ | ७६.२ |
| १.१९ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ४३.८ | ६०.० | ४५.५ |
| १.२० | श्रम उत्पादकत्व | रु. हजार | १६१.४ | २४१.३ | ८४.० |
| **२.०** | **सुखारीका सूचक** | | | | |
| २.१ | जन्म हुँदाको अपेक्षित आयु | वर्ष | ६७ | ७० | ७२.५ |
| २.२ | ५ वर्ष मनिको बाल मृत्यूदर (प्रतिहजार जीवित जन्ममा) | जना | ५८ | ३५ | ४६ |
| २.३ | पाँच वर्ष मनिका कम तौल भएका बालबालिका | प्रतिशत | ३५.६ | २० | १८ |
| २.४ | ३० मिनेटसम्मको दुरीमा स्वास्थ्य सेवामा पहुँच रहेका घरपरिवार | प्रतिशत | २३.६ | ६०.० | ४३.१ |
| २.५ | स्वास्थ्य विमामा आवद्ध जनसङ्ख्या | प्रतिशत | ६.५ | ६३.० | २९.२६ |
| २.६ | साक्षरता दर | प्रतिशत | ६६ | ९५ | ७६.१ |
| २.७ | युवा (१५-२४ वर्ष) साक्षरता दर | प्रतिशत | ८२ | ९९ | ९३.८ |
| २.८ | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९३.२ | ९८ | ९५.५ |
| २.९ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ५९.४ | ६५ | ५६.२ |
| २.१० | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | ६.१ | १९ | १८.१ |
| २.११ | वेरोजगारी दर | प्रतिशत | ९.७ | ६ | ७.५ |
| २.१२ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या | प्रतिशत | ५ | ४८ | ६०.४ |
| २.१३ | जीवनकालमा शारीरिक यौन हिँसा पीडित महिला | प्रतिशत | १९.१ | ९.४ | ९.४ |
| २.१४ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | २२.५ | ५० | ३१ |
| २.१५ | आफ्नै स्वामित्वको आवासमा वसोवास गर्ने परिवार | प्रतिशत | ९४.४ | ९९ | ९४ |
| २.१६ | सुधारिएको सरसफाइ सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | ७७.७ | ८५.० | ९७.०२ |

## दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को स्थिति | दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य | सोह्रौं योजनाको राष्ट्रिय लक्ष्य |
|---|---|---|---|---|---|
| **१** | **सुशासन** | | | | |
| १ | अनलाइन प्रणालीबाट सेवा प्रवाह गर्ने सार्वजनिक निकाय | प्रतिशत | १३ | ३० | - |
| २ | विद्युतीय माध्यमबाट सूचना र सेवा प्रवाह गर्ने निकाय | सङ्ख्या | १८ | ४० | - |
| ३ | प्रदेशको कुल लेखापरीक्षण अङ्कको बेरुजुको अनुपात | प्रतिशत | २.५९ | १.५० | - |
| ४ | कुल विनियोजनमा पुँजीगत खर्चको अंश | प्रतिशत | ६५.७५ | ८५.०० | ९०.०० |
| ५ | मानव अधिकार उलंघनका घटना | सङ्ख्या | २८८ | १०० | - |
| **२** | **सामाजिक न्याय** | | | | |
| १ | लैङ्गिक विकास सूचकाङ्क | मानक | ०.९०२ | ०.९३० | ०.९६७ |
| २ | उपभोगमा आधारित माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (Palma Ratio) | प्रतिशत | ०.४२ | ०.३५ | ०.३३ |
| ३ | उपभोगमा आधारित गिनी गुणक | गुणक | ०.२९ | ०.२८ | ०.२८ |
| ४ | आधारभूत खानेपानीमा पहुँच पुगेको परिवार | प्रतिशत | ८८ | ९८ | ९९ |
| ५ | शौचालयको सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | ९७.०२ | १०० | |
| ६ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ३१ | ७५ | ९९ |
| ७ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ९४ | ९६ | - |
| ८ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ६०.४ | ६२ | ६० |
| ९ | जीवनकालमा शारीरिक हिंसापीडित महिला | प्रतिशत | १५ | १२ | २० |
| १० | लैङ्गिक उत्तरदायी बजेटको अंश | प्रतिशत | ३९.०० | ४३.८ | - |
| ११ | उच्च खाद्य असुरक्षामा रहेको परिवार | प्रतिशत | ७.० | ५.० | १ |
| **३** | **कर्णाली समृद्धि** | | | | |
| १ | वार्षिक औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | २.३४ | ९.९ | ७.६ |
| | कृषि क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ०.६० | ६.० | ४.३ |
| | उद्योग क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ०.३ | ११.४ | १२.४ |
| | सेवा क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ४.५ | ७.८ | ७.२ |
| २ | कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान | | | | |
| | कृषि | प्रतिशत | २९.४ | २६.२ | २१.४ |
| | उद्योग | प्रतिशत | १०.१ | १६.२ | १५.२ |
| | सेवा | प्रतिशत | ६०.५ | ५७.६ | ६३.४ |
| ३ | प्रतिव्यक्ति आय (अमेरिकी डलर) | डलर | १०३१ | १,६५७ | २,३५१ |
| ४ | निरपेक्ष गरिबीको रेखामनि रहेको जनसङ्ख्या | प्रतिशत | २६.६९ | १३.२ | १२ |
| ५ | बहुआयामिक गरीबिमा रहेको जनसङ्ख्या | प्रतिशत | ३९.५ | २२.५ | - |
| ६ | विद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | १६ | २०० | ११,७६९ |

| क्र. सं. | सूचक | एकाइ | २०७९/८० को स्थिति | दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य | सोह्रौं योजनाको राष्ट्रिय लक्ष्य |
|---|---|---|---|---|---|
| ७ | वर्षैभरी सिँचाइ सुविधा पुगेको कुल खेतीयोग्य जमिन | प्रतिशत | २७ | ४५ | ५० |
| ८ | मानव विकास सूचकाङ्क (आधार वर्षः सन् २०२१) | मानक | ०.५३८ | ०.६०० | ०.६२५ |
| ९ | श्रम उत्पादकत्व | रु. हजार | ८४ | १२० | ४०० |
| १० | बेरोजगारी दर | प्रतिशत | ७.५ | ५.० | ५.० |
| ११ | सडक यातायातले जोडिएको स्थानीय तह | सङ्ख्या | ७६ | ७९ | ७५३ |
| १२ | औषत सडक घनत्व (प्रतिवर्ग कि.मि.) | कि.मि. | ०.३० | ०.४० | ०.७७ |
| १३ | प्रादेशिक र स्थानीय सडक सञ्जाल विस्तार | कि.मि. | ३६३८ | ५००० | ४०६०० |
| १४ | विद्युतमा पहुँच पुगेको परिवार | प्रतिशत | ७१ | ९५ | १०० |
| १५ | इन्टरनेटमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ७४ | ८५ | ९० |
| १६ | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएको परिवार | प्रतिशत | ७६.२ | ९० | - |
| १७ | ३० मिनेटको दुरीमा स्वास्थ्य सेवामा पहुँच प्राप्त परिवार | प्रतिशत | ४३.१ | ७५ | ८६ |
| १८ | उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ४.० | ३० | ४५ |
| १९ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ४५.५ | ४८ | ५० |
| २० | खाना पकाउन दाउराको प्रयोग गर्ने परिवार | प्रतिशत | ८२.२ | ६० | - |
| २१ | सुरक्षित आवासमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | ५६.२ | ६५ | - |
| २२ | जन्म हुँदाको अपेक्षित आयु | वर्ष | ७२.५ | ७३ | ७३ |
| २३ | ५ वर्षमनिका बालबालिकाको मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | सङ्ख्या | ४६ | २० | २२ |
| २४ | पाँच वर्षमनिका कम तौल भएका बालबालिका | प्रतिशत | १८ | १० | - |
| २५ | पाँच वर्षमनिका ख्याउटेपन भएका बालबालिका | प्रतिशत | ४ | २ | - |
| २६ | पाँच वर्षमनिका पुडकोपनको बालबालिका | प्रतिशत | ३६ | १८ | १७ |
| २७ | पाँच वर्षमनिका बालबालिकामा रक्तअल्पता | प्रतिशत | ४० | १२ | - |
| २८ | प्रजनन् उमेरका महिलाहरुमा रक्तअल्पता | प्रतिशत | २१.२ | १० | - |
| २९ | स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | २९.२६ | ८० | ७० |
| ३० | साक्षरतादर (पाँच वर्ष र सोभन्दा माथि) | प्रतिशत | ७६.१ | ९५ | ९५ |
| ३१ | युवा साक्षरतादर (१५-२४ वर्ष) | प्रतिशत | ९३.८ | ९६ | - |
| ३२ | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९५.५ | ९९ | १०० |
| ३३ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ५६.२ | ८० | ९५ |
| ३४ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | १८.१ | २५ | २५ |
| ३५ | मातृ मृत्युदर (प्रतिलाखमा) | सङ्ख्या | १७२ | ७० | १०० |

# अनुसूची-६

## तस्वीर खण्ड




**मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सुर्खेत।**





**कर्णाली प्रदेश सभा भवन।**




प्रदेश अस्पताल, सुर्खेत ।



*स्रोत : रेशम राज रोकाया, २०८२*




प्रदेश रंगशाला, सुर्खेत।



वीरेन्द्रनगर सुर्खेतको सडक स्तरोन्नति ।



कर्णाली प्रदेश सरकारको समन्वयमा सङ्घीयता सबलीकरणसम्बन्धी आयोजित कार्यक्रम।



सङ्घीयता सवलीकरणका लागि भएका कार्यक्रमहरूको प्रगति प्रतिवेदन कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कडेललाई बुझाउँदै फेडरलिजम् एण्ड लोकलाइजेशन सेन्टरका संस्थापक सदस्य तथा कर्णाली प्रदेश संयोजक डा. दीपेन्द्र रोकाया र साथमा प्रदेश योजना आयोग सदस्य अशोकनाथ योगी।




डोल्पाको से फोक्सुन्डो ताल



कैलाश मानसरोवर हेर्दै लिमी उपत्यकाबाट।